# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ११३ | काठमाडौं | मंगलबार, २९ साउन २०८१ | Prabhab National Daily | Tuesday, August 13, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



साउन महिनाको अन्तिम सोमबार आराध्यदेव भगवान् पशुपतिनाथ मन्दिरको दर्शनका लागि दिउँसोसम्म लामबद्ध रहेका भक्तजन । तस्विरः विमलबहादुर विष्ट/रासस

अवकाश उमेर पुनरावलोकन प्रतिवेदन

# प्रहरीमा तत्कालै ३० वर्षे हटाउन्, सशस्त्रमा १५ वर्षपछि

■ जेबी योञ्जन

**काठमाडौं-** नेपाल प्रहरीमा ३० वर्षे उमेर हद तत्कालै हटाउनुपर्ने 'अवकाश उमेर पुनरावलोकन गर्न' गठित समितिले सुझाव दिएको छ। गृह मन्त्रालयका सहसचिव झक्कप्रसाद आचार्य नेतृत्वको समितिले त्यसरी उमेर हद हटाउँदा मर्का पर्ने प्रहरी अधिकारीलाई भने विशेष पद सिर्जना गरेर बढुवा गर्न सकिने विकल्प सुझाएको छ ।

यदि त्यसो नभए 'गोल्डेन ह्याान्डसेक' दिएर पनि बिदा गर्न सकिने विकल्प अघि सारेको छ । तर, ३० वर्षे उमेर हद हटाउँदा एकैपटक नभई हरेक आर्थिक वर्षमा छ महिनाका दरले थप्दै जानुपर्ने सुझाव कार्यदलको छ । यसै वर्ष लागू भए अवकाश हुन लागेका अधिकारीहरूको सेवा अवधि छ महिना थप हुने छ । अर्को वर्ष अवकाश हुने अधिकारीहरूको जागिर अवधि एक वर्ष लम्बिने छ ।

समितिकाअनुसार त्यसरी बढाउँदै लैजाँदा नेतृत्वमा पुग्न लागेका अधिकारीहरूलाई मर्का पर्दैन । यसका अतिरिक्त समितिले कार्यअवधि संशोधन गर्न पनि सरकारलाई सुझाएको छ ।

कार्यदल संयोजक आचार्यले प्रहरी महानिरीक्षक (आइजी)को उमेर हद ६० वर्षे बनाउन सुझाएको बताए । प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) र प्रहरी नायव महानिरीक्षक (डिआइजी)को ५९ वर्ष कायम गर्न सिफारिस गरेको छ । कार्यअवधि आइजिपीको तीन वर्षे नै कायम गर्न तर एआइजीको चार वर्षे र डिआइजीको पाँच वर्षे बनाउन सुझाएको छ । प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)को कार्यअवधि आठ वर्ष र उमेर ५८ वर्ष कायम गर्न भनिएको छ । यसरी नै समितिले कार्यालय सहयोगीसम्मको अवकाशको व्यवस्था परिवर्तन गर्न सुझाव दिएको छ ।

अन्तर्राष्ट्रिय अभ्यास, निजामती कानुन र अन्य सेवाको कानुनी व्यवस्थासमेत हेरेर यस्तो सिफारिस गरेको समितिले जनाएको छ । समितिले एउटै पदमा आठ वर्ष काम गरिसकेपछि एक तह बढुवा दिने व्यवस्था नेपाल प्रहरीमा पनि हुनुपर्ने राय पनि दिएको छ । कार्यक्षमता देखाउन नसक्ने,



- नेपाल प्रहरीमा ३० वर्षे उमेर हद हटाउन सुझाव
- उमेर हद हटाउँदा मर्का पर्नेलाई विशेष पद सिर्जना गर्ने र नभए 'गोल्डेन ह्याान्डसेक' दिन सुझाव
- आइजी, एआइजी, डिआइजीदेखि कार्यालय सहयोगीलाई समेत उमेर हद प्रक्रियामा सहभागी गराउन सुझाव
- एउटै पदमा आठ वर्ष काम गरिसकेपछि एक तह बढुवा दिने व्यवस्था

संगठनमा कमजोर रहेकालाई गोल्डेन ह्याान्डसेक दिएर बिदा गर्न सकिने समितिले विकल्प दिएको छ । तर, ३० वर्षे हटाइसकेपछि पनि प्रत्येक ब्याचबाट नेतृत्वमा पुग्ने सुनिश्चितता गर्नुपर्ने भनिएको छ ।

यही १६ भदौदेखि नेपाल प्रहरीमा ठूलो संख्यामा प्रहरीका एसएसपीसहितका अधिकारीहरू अवकाश हुन लागेका छन् । उनीहरूले नै माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको अघिल्लो सरकारलाई तत्काल अवकाशको अवधिमा पुनरावलोकन गर्न दबाब दिइरहेका थिए । यसपछि दाहाल सरकारले आचार्यको नेतृत्वमा समिति गठन गरेको हो । त्यससम्बन्धी एजेन्डालाई बजेट भाषणमै घोषणा गरिएको थियो । सोही कार्यदलले प्रतिवेदन बुझाको हो ।

प्रतिवेदनले दिएको सुझावलाई कार्यान्वयन गर्न गृह मन्त्रालयले नयाँ प्रहरी ऐन ल्याउन लागेको छ । गृहप्रवक्ता नारायणप्रसाद भट्टराईले छिट्टै ऐन ल्याउने बताए ।

(क्रमशः पृष्ठ २ मा)

# टिआरसी विधेयक आजदेखि संसद्मा

- द्वन्द्वपीडितले १८ वर्षपछि न्याय पाउने आशा
- प्रतिनिधिसभाबाट विधेयक पारित हुने सम्भावना
- आयोगका अध्यक्ष तथा सदस्यको पदावधि चार वर्ष

■ प्रभाव संवाददाता



**काठमाडौं-** सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगसम्बन्धी (टिआरसी) विधेयक आज प्रतिनिधिसभामा प्रस्तुत हुँदै छ । संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिकी सभापति विमला सुवेदीले विधेयक संसद्मा पेस गर्ने कार्यसूची रहेको संसद्का महासचिव पदमप्रसाद पाण्डेयले जारी गरेको संसदीय सूचनामा उल्लेख छ ।

संसद् बैठक अपराह्न १ बजे आह्वान गरिएको छ । बैठकमा टिआरसी विधेयकबारे आज सामान्य छलफल हुने भएको छ । विधेयक पारित भएको अवस्थामा राष्ट्रिय सभामा पठाइने छ । त्यहाँबाट पनि पारित भएपछि भने विधेयकलाई राष्ट्रपतिले प्रमाणीकरण गर्ने छन् । त्यसो भए १८ वर्षदेखि गिजोलिएको नेपालको शान्ति प्रक्रियाले तार्किक निष्कर्ष पाउने छ । विधेयकअनुसार आयोगका पदाधिकारीको म्याद चार वर्षको हुने छ । सुरूको चार वर्षमा सबै काम नसकिए अझै म्याद थप्न सकिने व्यवस्था गरिएको छ ।

संक्रमणकालीन न्यायको काम सकिएपछि सरकारले शान्ति प्रक्रिया टुंगिएको घोषणा गर्ने छ । सरकारले दुई वर्षमात्र म्याद हुनेगरी विधेयक संसद्मा पठाएको भए पनि संसदीय समितिले अवधि बढाएर चार वर्ष बनाएको हो । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकको दफावार छलफल सकेर संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिले सर्वसम्मतिसाथ प्रतिवेदन यसअघि नै संसद्मा पठाएको छ ।

उक्त प्रतिवेदनमा आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुने छ । यस अवधिभित्र आयोगबाट शान्ति प्रक्रियाको काम सम्पन्न हुन नसके सरकारले कार्य प्रगतिको आधारमा काम सम्पन्न गर्न लाग्ने समयको आँकलन गरी अध्यक्ष तथा सदस्यको पदावधि थप गर्न सक्ने व्यवस्था पारित गरिएको छ । आयोगले कार्यावधि समाप्त हुनुभन्दा अगावै शान्ति प्रक्रियाको काम सम्पन्न भएको घोषणा गरेमा सोही मितिदेखि अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएको मानिने दफावार छलफलपछि पारित प्रतिवेदनमा उल्लेख छ ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# कामदार लैजान प्रक्रिया छोट्याउँदै इजरायल

■ प्रभाव संवाददाता

**काठमाडौं-** इजरायलले नेपालबाट दीर्घकालीन स्याहार केन्द्रमा काम गर्नेगरी सहायक कामदार (केयर गिभर)लाई छिट्टै लैजाने तदारुकता देखाएको छ । केयर गिभरका लागि प्राप्त आवेदनको प्रमाणीकरण गरी वैदेशिक रोजगार विभागले स्वीकृत गरेका आवेदन छनोटका लागि इजरायलको सम्बन्धित निकाय पिवालाई पठाएसँगै प्रक्रिया छोटयाएरै भए पनि छिट्टै लैजाने तयारी गरिरहेको बताइएको छ ।

इजरायलले जतिसक्दो छिटो केयर गिभर लैजान पाए हुन्थ्यो भन्ने प्रतिक्रिया दिएको विभागका एक अधिकारीले बताए । उनका अनुसार छनोट प्रक्रियालाई छोटो बनाएर भए पनि इजरायलले छिट्टै कामदार लैजान खोजेको छ । 'जति सकिन्छ चाँडो कामदार लैजान प्रक्रिया टुंग्याउन इजरायली पक्षबाटै आग्रह भएको छ,' ती अधिकारीले भने, 'उनीहरूकै आग्रहमा छनोट प्रक्रिया अघि बढिरहेको छ ।'

इजरायलले केयर गिभरमा जानेले थप अंग्रेजी भाषा परीक्षा उत्तीर्ण गर्नुपर्ने भए पनि अब ब्रिटिस काउन्सिलबाट लिएको भाषा परीक्षालाई नै मान्यता दिन तयार भएको बताइएको छ । 'पटक-पटक बसेको द्विपक्षीय जुम मिटिङबाट छोटो प्रक्रियाबाट कसरी कामदार लैजान सकिन्छ भन्ने सम्बन्धमा छलफल भइरहेको छ,' ती अधिकारीले भने, 'अब इजरायल जाने कामदारले थप अंग्रेजी भाषा पास गर्नु पर्दैन ।' अन्य प्रक्रिया पनि छोटयाउने विषयमा कुरा भइरहेको



> केयर गिभरमा परेका स्वीकृत आवेदनहरु नामावली परीक्षणका लागि पाठाइसकिएको छ । अब कसरी लैजाने, के गरी लैजाने त्यो गन्तव्य मुलुकको कुरा भयो, हामीले गर्नुपर्ने काममा अलमल हुँदैन ।
>
> ■ **डण्डुराज घिमिरे**
> **महानिर्देशक, वैदेशिक रोजगार विभाग**

उनले बताए । अघिल्लोपटक उचाइ तथा तौल परीक्षणसँगै लिखित परीक्षा तथा अन्तर्वार्तासमेत गरिएकोमा यसपटक उचाइ तथा तौल परीक्षण स्वास्थ्य परीक्षणकै समयमा हुने बताइएको छ ।

इजरायलले प्रक्रिया छोटो बनाएरै भए पनि छिटो कामदार लैजान खोजेको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए । उनका अनुसार यस विषयमा सम्बन्धित शाखा (इजरायल/जापान)ले विस्तृत रूपमा कुराकानी गरिरहेको छ । 'केयर गिभरमा परेका स्वीकृत आवेदनहरू 'नेम चेक' (नामावली परीक्षण) का लागि पाठाइसकिएको छ,' उनले भने, 'अब कसरी लैजाने, के गरी लैजाने त्यो गन्तव्य मुलुकको कुरा भयो, हामीले गर्नुपर्ने काममा अलमल हुँदैन ।' सबै प्रक्रिया पूरा गरेर सेप्टेम्बरको अन्तिमसम्ममा केयर गिभर लैजाने इजरायली चाहना रहेको उनले बताए ।

विभागले गत असार ११ गते इजरायल जान इच्छुक केयर गिभरको आवेदन माग गरेको थियो । जसमा चार हजार २४ जनाले आवेदन दिएकामा तीन हजार ४६१ जनाको मात्रै स्वीकृत भएको थियो । विभागले आवश्यक कागजात परीक्षण गरेर साउन २१ गते नै तीन हजार ४६१ जनाको सूची पिवालाई पठाएको छ । उक्त सूचीबाट गोलाप्रथामार्फत दुई हजार केयर गिभर छनोट हुने छन् । यसरी गोलाप्रथाबाट अन्तिम नामावली छानिएपछि विभागले कामदारलाई स्वास्थ्य परीक्षणका लागि पठाउने छ ।

इजरायलले दीर्घकालीन स्याहार केन्द्रमा बच्चा, युवा तथा ६५ वर्ष ननाघेका गम्भीर अपांगता भएका व्यक्तिको हेरचाह तथा स्याहार गर्न नेपालबाट केयर गिभरको माग गर्दै आएको जनाएको छ । यसअघि नेपालबाट केयर गिभरमा काम गर्न झण्डै एक हजार २०० नेपाली इजरायल गइसकेको विभागले जनाएको छ । केयर गिभरमा छनोट हुनेले मासिक पाँच हजार ८८० सेकेल इजरायली मुद्रा अर्थात् दुई लाख १० हजार रूपैयाँभन्दा बढी पारिश्रमिक पाउने छन् । यसरी जाने कामदारको करार अवधि सुरुमा एक वर्षको हुने छ । त्यसपछि बढीमा पाँच वर्षसम्म थप गर्न पाइने छ ।

# साउदीमा थप ४६ जनाले पाए 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ४६ जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन् । साउदीस्थित नेपाली दूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले. हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो ।

गैरकानुनीरूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले थुप्रै विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । एक्जिट भिसा दिन थालेयता करिब तीन हजार ७०० स्वदेश फर्किसकेको दूतावासले जनाएको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने दूतावासले प्रस्ट पारेको छ । साथै, भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ ।




# १७ अस्पतालले बुझाए 'रिपोर्ट कार्ड'

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमक्ष १७ वटा अस्पतालले रिपोर्ट कार्ड बुझाएका छन् । अस्पतालहरूले काम तथा सेवाको विवरणसहितको रिपोर्ट कार्ड सोमबार मन्त्रालयमा बुझाएको सो मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।

मन्त्री प्रदीप पौडेलको नौ बुँदे निर्देशनपछि अस्पतालले रिपोर्ट कार्ड बुझाएको उनले बताए । उनका अनुसार शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर काठमाडौं, धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, वीर अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कान्ति अस्पताललगायतले रिपोर्ट कार्ड बुझाएका हुन् ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले दिन बिहान नौ बजेदेखि दिउँसो चार बजेसम्म दुई सिफ्टमा सेवा आरम्भ गरेको छ । अस्पतालले स्वास्थ्य बिमाका सेवाग्राहीलाई ९० प्रतिशतभन्दा बढी औषधि आफ्नै फार्मेसीबाट वितरण थालेको जनाएको छ । परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा साधारण बहिरंग सेवा बिहान ९ देखि ४ बजेसम्म प्रवाह गरिएको छ । अस्पतालले अनलाइन टिकटको सेवा पनि सुरु गरेको अस्पतालका निर्देशक डा. श्रीप्रसाद अधिकारीले जानकारी दिए ।

रिपोर्टमा राष्ट्रिय ट्रमा सेन्टर काठमाडौंले २४सै घण्टा आकस्मिक शल्यक्रिया सेवा सुरुआत गरेको उल्लेख गरेको छ। अस्पतालले नियमित शल्यक्रियाका लागि भर्ना भएका बिरामीको एक हप्ता र बहिरंग सेवा (ओपिडी)का लागि एक महिनामा पालो आउने व्यवस्था मिलाएको जनाएको छ । मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरले एक महिनाभित्र नै शल्यक्रिया गर्ने व्यवस्था मिलाएको जनाएको छ । अनलाइनबाटै प्रयोगशाला रिपोर्ट लिने व्यवस्था पनि अस्पतालले रिपोर्टमा उल्लेख गरेको छ ।

साथै कान्ति बाल अस्पताल महाराजगञ्जमा आकस्मिक बाल उपचारका लागि छ शयया तथा निगरानीका लागि २० शयया थपको प्रक्रिया आरम्भ भएको छ । अस्पतालमा भीड व्यवस्थापनका लागि 'टोकन' प्रणाली थप व्यवस्थित बनाइएको अस्पतालको भनाइ छ ।

पाटन स्वाथ्य विज्ञान प्रतिष्ठानले भीड व्यवस्थापनका लागि साधारण र शुल्क क्लिनिक प्रणाली व्यवस्थापन गरेको जनाएको छ । डिजिटल बिल प्रणाली आगामी भदौ १ गतेदेखि सुरु गर्ने र बिदाका दिन पनि ओपिडी र शल्यक्रिया सेवा सुरु गर्ने अस्पतालले उल्लेख गरेको छ । वीरगञ्जको नारायणी अस्पतालले शययाको समस्या नरहेको बताएको छ । अस्पतालले भीड व्यवस्थापनका लागि टोकन प्रणाली र अनलाइन टिकटको व्यवस्थापन गरिएको जनाएको छ ।

# मिडिया काउन्सिल विधेयक अन्तिम चरणमा

**काठमाडौं (प्रस)**- सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले कुनै पनि संस्थामा कार्यकारी अध्यक्षसँगै महाप्रबन्धक पनि रहने व्यवस्थाले संस्थाको हित नभई द्वन्द्व निम्त्याउने पक्षलाई ऐन कानुन निर्माणकै बखत हेक्का राख्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिमा भइरहेको मिडिया काउन्सिल विधेयकमाथिको दफावार छलफलमा संशोधनकर्ता र समिति सदस्यहरूले उठाएका प्रश्नको जवाफ दिँदै उनले एउटै संस्थामा दुवै व्यक्तिको भूमिका एकैखाले हुने व्यवस्थाले लक्षित नतिजा दिन नसक्ने पुष्टि भइसकेको प्रतिक्रिया दिए । उनले भने, 'प्राकृतिक नियमका आधारमा पनि एउटै संस्थामा दुईवटा प्रमुख रहने व्यवस्था अमिल्दो हुन्छ, केही सञ्चार संस्थामै त्यो समस्या छ ।'

समितिमा विधेयकमाथि संशोधनकर्तासहितको उपस्थितिमा दफावार छलफल अन्तिम चरणमा पुगेको छ । समिति सदस्य डा. बेदुराम भुसालले विधेयकमाथिको दफावार छलफल अन्तिम चरणमा पुगेको बताए । उनले भने, 'केही दिनभित्रै यो छलफल सकिन्छ, अनि प्रतिवेदन तयारीमा जान्छौं ।'

मिडिया काउन्सिलमा रहने अध्यक्ष र सदस्य छनोट सिफारिस समिति कस्तो बनाउने भन्ने छलफल भने बाँकी नै रहेको उनको भनाइ छ। काउन्सिल आमसञ्चारमाध्यमलाई नियमन गर्ने हालको प्रेस काउन्सिलजस्तै भए पनि यसको दयरा फराकिलो हुने सदस्य डा. भुसालले बताए ।

समिति सचिव मनोजकुमार गिरीले दफावार छलफल अन्तिम चरणमा पुगेका आगामी दुई/तीन वटा बैठकबाट टुंगिएपछि प्रतिवेदन तयार गरी सभामा प्रस्तुत गर्ने जानकारी दिए । 'यसबीचमा विधेयकमाथि दफावार छलफलका लागि एक दर्जनभन्दा बढी बैठक बसिसकेको छ । अब बस्ने दुईवटा बैठकमा दफावार छलफल पूरा हुन्छ । त्यसपछि समिति प्रतिवेदन तयारीको चरणमा प्रवेश गर्ने छ,' उनले भने ।

## पृष्ठ १ बाट क्रमशः

## प्रहरीमा तत्कालै...

'प्रतिवेदन पाएका छौं । त्यसलाई कार्यान्वयन गर्नु हाम्रो दायित्व हो । त्यसका लागि छिट्टै प्रहरी ऐन ल्याउँछौं,' उनले प्रभावसँग भने ।

गृहले जति हतार गरे पनि भदौ १६ गते अवकाश हुने अधिकारीहरूको जागिर अवधि लम्बिने सम्भावना भने कम देखिएको छ । किनभने ऐन पारित हुन समय लाग्छ । जसले गर्दा अवकाशमा जान लागेका प्रहरी अधिकारीहरूलाई रोक्न समस्या हुने देखिएको छ ।

### सशस्त्रको उमेर हद तत्काल नहटाउनू

आचार्य नेतृत्वको समितिले सशस्त्र प्रहरीमा नेपाल प्रहरीमा जसरी उमेर हद हटाउन सुझाएको छैन । जबकि समितिको गठनचाहिँ नेपाल प्रहरी र सशस्त्र प्रहरीमा अवकाश उमेर हदबारे एकरूपता कायम गर्न सुझाव दिने कार्यादेशसहित भएको थियो ।

तर, समितिले एकरूपता हुनेगरी सुझाव दिएको छैन । जस्तो, प्रहरीमा तत्कालै ३० वर्षे हटाउनुपर्ने भनेको समितिले सशस्त्र प्रहरीमा भने अझै १५ वर्ष हटाउन नहुने सुझाव दिएको छ । समितिले २०९५ सालपछि मात्रै सशस्त्र प्रहरीमा ३० वर्षे हटाउनु उपयुक्त हुने जनाएको छ । पछिल्लो समय दुई संगठनमा एकै खालको नियम बनाउने कसरत भइरहे पनि कार्यदलले भने निकै फरक सुझाव दिएको हो ।

सशस्त्र प्रहरीमा अहिले नै ३० वर्षे हटाउँदा सशस्त्र प्रहरी निरीक्षकमा भर्ना भएकाहरू सोही पदबाट अवकाश हुने अवस्था आउने भएकाले पर्खिन समितिले सुझाएको छ।

सशस्त्र प्रहरीको हकमा समितिले 'गोल्डेन ह्यान्डसेक'को विषयलाई अघि सारेन । नेपाल प्रहरीमा मात्रै त्यस्तो व्यवस्था गर्न भनिएको छ । यी विवरणहरूले दुई सुरक्षा निकायको भूमिकालाई थप अलग पार्न खोजेको टिप्पणी भइरहेको छ । सरकारले भने एकरूपतामा जोड दिएको थियो । तर, आचार्यको प्रतिवेदन त्यस्तो आएन । जसले गर्दा दुई सुरक्षा संगठनको एकीकरण तत्काल नहुने देखिएको छ ।

■■■

## टिआरसी विधेयक...

समितिबाट प्रतिवेदन सर्वसम्मतिले पारित भएकाले सदनबाट पनि सहजै पारित हुने सम्भावना छ । सदनबाट पारित भएको अवस्थामा राष्ट्रपतिले प्रमाणीकरण गरेर ऐनको रूपमा लिने छ ।

यसअघि सत्य निरूपण र बेपत्ता छानबिनसम्बन्धी दुवै आयोग कामविहीन र कर्मचारी थन्क्याउने निकायका रूपमा लिने गरिएको थियो । सरकारले पर्याप्त स्रोत साधन नदिएको र कानुनी पूर्वाधार पनि कमजोर रहेको कारण संक्रमणकालीन न्यायका यी दुवै संयन्त्र प्रभाव र आकर्षणहीन देखिएका थिए । अब त्यस्तो नहुने देखिएको छ ।

अध्यक्ष तथा सदस्यको पदमा नियुक्ति भएपछि आयोगले सशस्त्र द्वन्द्वको क्रममा जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडितका तर्फबाट पुनः उजुरी आह्वान गर्ने भएको छ । यसका लागि तीन महिनाको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरिने छ ।

यसअघि काबुबाहिरको परिस्थिति परी उजुरी दिन नपाएका अन्य अपराधका पीडितले पनि आधार र कारण खोली तीन महिनाभित्र आयोगसमक्ष उजुरी दिन सक्नेगरी विधेयकले बाटो खोलिदिएको छ । त्यसरी दिएको उजुरीमा उल्लिखित आधार र कारण मनासिव देखिएमा आयोगले छानबिन गर्ने भनिएको छ ।


**भुल सुधार गरिएको**

यस कम्पनीको मिति २०८१ साउन २४, २५ र २६ गते प्रकाशन भएको **रिभाइटलाइजड मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा.लि.** को नाम परिवर्तन सम्बन्धी प्रकाशित सूचनामा कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय मिति २०८१/०३/२८ हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८१/04/२९ गते**

यस कम्पनीको मिति २०८१/०४/१३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रेस पास मिडिया प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **न्यु पाथिभरा ताजाखबर मिडिया प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०४/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **न्यु पाथिभरा ताजाखबर मिडिया प्रा.लि.** (प्रा.लि.नं.१८४४६०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**साउदीमा रोजगार** कम्पनी : ALI HASSAN AL -AMRY CONTRACTING EST शहर : Dammam

पूर्व स्वीकृति मिति : २०८१/04/२८ LT. No. 308819 चलानी नं. ६०२२३४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pickup Truck Driver | 1 | 0 | 1800 | ६४,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ४ गते (20th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd. श्रम इजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



**युएईमा रोजगार** कम्पनी : V R B TECHNICAL SERVICES LLC शहर : Dubai

पूर्व स्वीकृति मिति : २०८१/04/२८ LT. No. 308789 चलानी नं.६०२२३४६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४३,८७५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 2 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 3 | Steel Fixer | 1 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 4 | Tile Polisher | 1 | 0 | 1200 | ४३,८७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ४ गते (20th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**कुवेतमा रोजगार** कम्पनी : FOOD INDUSTRIES COMPANY. शहर : .......

पूर्व स्वीकृति मिति २०८१/01/30 पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२८ LT. No. 304576 चलानी नं. ६०२२१०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drivers | 10 | 0 | 160 | ७०,१५० | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labours/cleaners | 80 | 0 | 120 | ५२,६१० | | | | | | | |
| 3 | Technicians | 30 | 0 | 150 | ६५,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ४ गते (20th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Supreme Overseas Pvt. Ltd.
Koteshwor-32, Kathmandu, Nepal.
श्रम इजाजत नं. ३०१/०५९/०६० Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : FACTORY ASAB FOR MANUFACTURING

पूर्व स्वीकृति मिति: २०८१/04/२८ LT. No. 308809 चलानी नं. ६०२२३४५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load And Unload Labour | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL RAHMAN HAMAD A. RAHMAN MAADI TRANSPORTING

पूर्व स्वीकृति मिति: २०७९/१२/२७ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२८ LT. No. 284426 चलानी नं. ६०१९९८६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 10 | 0 | 1800 | ६४,३९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Workshop Worker | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ४ गते (20th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd. श्रम इजाजत नं. १२०८/०७३/०७४

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069,
E-mail: overseas4employment@gmail.com



**कतारमा रोजगार** कम्पनी : AMWAJ ALMSELA TRADING AND CONTRACTING शहर : Doha

पुर्व स्वीकृति मिति २०८०/१२/01 पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२८ LT. No. 301663 चलानी नं ६०२१६५५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 3 | 0 | 1200 | ४३,९२५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 4 | 0 | 1200 | ४३,९२५ | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1900 | ६९,५५० | | | | | | | |
| 4 | General Clean Worker | 0 | 2 | 1000 | ३६,६०५ | | | | | | | |
| 5 | Labour | 10 | 0 | 1200 | ४३,९२५ | | | | | | | |
| 6 | Mason | 7 | 0 | 1200 | ४३,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ४ गते (20th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KALIKA HUMAN RESOURCE PVT LTD Govt. License 1331/074/75

Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np



**साइप्रसमा रोजगार** कम्पनी : ANDRIA KYRIAKOU PRIVATE EMPLOYMENT शहर : Limassol

पुर्व स्वीकृति मिति २०८०/११/१३ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२८ LT. No. 300503 चलानी नं. ६०२१५४३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव USD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 2 | 2 | 800 | १०७,४३५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 2 | 0 | 900 | १२०,८६० | | | | | | | |
| 3 | Domestic Worker | 0 | 2 | 400 | ५३,७१५ | | | | | | | |
| 4 | Electrician | 2 | 0 | 800 | १०७,४३५ | | | | | | | |
| 5 | Housekeeping | 0 | 4 | 700 | ९४,००५ | | | | | | | |
| 6 | Receptonist | 0 | 2 | 700 | ९४,००५ | | | | | | | |
| 7 | Waiter | 1 | 0 | 700 | ९४,००५ | | | | | | | |
| 8 | Waitress | 0 | 3 | 700 | ९४,००५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ४ गते (20th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ३५,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DYNAMIC STAFFING SOLUTION NEPAL PVT. LTD. श्रम इजाजत नं. ८९६/०६७/६८

Samakhusi, Kathmandu, Nepal, Ph No.: +977-01-4357828, 4359518, 9851003862
9841402665, P.0. Box: 5354, Town Planning, Web:info@dssnepal.com.np



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL NAJEM AL SHAMSI BUILDING MAINT

पूर्व स्वीकृति मिति २०८१/02/04 पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२८ LT. No. 304991 चलानी नं. ६०२१९७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 15 | 0 | 1200 | ४३,३३० | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 9 | 0 | 1000 | ३६,१०५ | | | | | | | |
| 3 | Construction Carpenter | 10 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 4 | Steel Fixer | 15 | 0 | 1200 | ४३,३३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ४ गते (20th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pari Overseas Pvt. Ltd. श्रम इजाजत नं. ११७७/०७३/०७४

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : OLIVE ARABIA FOR GENERAL BUILDING CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०८१/03/१४ पुन विज्ञापन स्वीकृति मिति: २०८१/04/२८ LT. No.306918 चलानी नं.६०२२१६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ac Technician | 15 | 0 | 128 | ५६,१२० | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Indoor) | 5 | 5 | 85 | ३७,२६५ | | | | | | | |
| 3 | General Technician | 5 | 0 | 135 | ५९,१९० | | | | | | | |
| 4 | Security Guard | 7 | 0 | 125 | ५४,८०५ | | | | | | | |

कम्पनी : BELOW ZERO ENTERTAINMENT, EDUCATION & TRAINING CO.

पूर्व स्वीकृति मिति २०८१/03/१४ पुन विज्ञापन स्वीकृति मिति: २०८१/04/२८ LT. No.306920 चलानी नं.६०२२१६७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 4 | 0 | 85 | ३७,२६५ | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Ice Rink Staff | 2 | 0 | 150 | ६५,७६५ | | | | | | | |
| 3 | Security Guard | 2 | 0 | 125 | ५४,८०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ४ गते (20th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd. श्रम इजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



**ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT !!!**

**शुन्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ALRAI REAL ESTATE CO.SPC, KUWAIT
कम्पनी : अल्राइ रियल इस्टेट को. एसपिसि, कुवेत

Pre Approval Date : 2024-07-14 Post Approval Date : 2024-08-12 LT. No. 307479 चलानी नं. ६०२२२१९०
पूर्व स्वीकृति मिति : २०८१/03/30 पुन विज्ञापन स्वीकृति मिति : २०८१/04/२८ एल टि न. ३०७४७९ Invoice No. 60222190

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 0 | 5 | 180 | ७८,५०५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bell Attendant | 5 | 0 | 140 | ६१,०६० | | | | | | | |
| 3 | Housekeeping Attendant | 5 | 10 | 135 | ५८,८८० | | | | | | | |
| 4 | Receptionist/GSA | 0 | 3 | 200 | ८७,२३० | | | | | | | |
| 5 | Waiter | 5 | 8 | 170 | ७४,१४५ | | | | | | | |

The final interview will be conducted in the office on 18th August, 2024.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD. श्रम इजाजत नं. ८२२/०६६/०६७

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

# रचनात्मक पत्रकारिताको विकासमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरोकारवालाहरूले रचनात्मक पत्रकारिताको विकास गर्नुपर्नेमा जोड दिएका छन् । पछिल्लो समय सामाजिक सञ्जालका कारण नकारात्मक पक्ष हाबी हुँदै गइरहेकोले रचनात्मक पत्रकारितामार्फत त्यसलाई निरुत्साहित गर्नुपर्ने उनीहरूको भनाइ छ ।

प्रेस काउन्सिल नेपालले नेपाली पत्रकारिता क्षेत्रको प्रवर्द्धन र प्रभावकारिता वृद्धिका लागि खेल्नुपर्ने भूमिकाबारे सोमबार आयोजना गरेको अन्तरक्रिया कार्यक्रमका वक्ताहरूले यस्तो धारणा राखेका हुन् । रचनात्मक पत्रकारिताको विकास तथा विस्तारका लागि काउन्सिलले देशव्यापी अभियान सञ्चालन गर्नुपर्नेमा उनीहरूले जोड दिएका थिए ।

कार्यक्रमको विषयवस्तुबारे प्रकाश पार्दै काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले हरेक क्षेत्रमा नकारात्मक पक्ष हाबी भइरहेको र सामाजिक सञ्जालले त्यसमा मलजल गरिरहेको अवस्थामा पत्रकारिता क्षेत्रले त्यसलाई निरुत्साहित गर्नेगरी भूमिका खेल्नुपर्ने धारणा राखे । उनले सूचना प्रविधिको युगमा पत्रकारिताले अवसरको सदुपयोग र चुनौतीको सामना गर्नेगरी फरक धार र सोचसहित क्रियाशील हुनुपर्ने आवश्यकता औंल्याए ।

'हरेक क्षेत्र, व्यक्ति, संस्था असफल भएको भाष्य निर्माण गर्न जानी नजानी मिडियाको पनि भूमिका छ । यस कार्यमा सामाजिक सञ्जालको अझ बढी दुरूपयोग भइरहेको छ । यो बेला रचनात्मक र सृजनात्मक पत्रकारिता गरी गलत भाष्यलाई हटाउन जरूरी छ,' अध्यक्ष बस्नेतले भने, 'अब यो भएन, त्यो भएन भनेर प्रश्न उठाउने काम सामाजिक सञ्जालबाट आममानिसले गर्न सक्छन् । पत्रकारिता त्योभन्दा माथि उठेर समाजमा देखिएका बेथिति, विसंगति र समस्या हटाउन समाधानका विकल्पसहित प्रस्तुत हुनुपर्ने आवश्यकता छ । सबैतिर नकारात्मकता र नैराश्यतामात्रै छैन भनेर आशा जगाउने काम अबको पत्रकारिताले गर्न सक्नुपर्दछ ।'

त्यस अवसरमा काउन्सिलको त्रैमासिक प्रकाशन 'संहिता' लाई सकारात्मक पत्रकारिताको उदाहरण प्रस्तुत गर्नेगरी थप प्रभावकारी बनाउन सुझाव दिइएको थियो । त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका प्रमुख डा. कुन्दन अर्यालले संहितालाई थप परिमार्जन र परिस्कृत गर्दै लैजानुपर्ने आवश्यकता औंल्याए । उनले संहिताका हरेक अंकलाई विशेषांक बनाउनेगरी विशिष्टीकृत (प्राज्ञिक) लेखन र आमपत्रकारका अनुभव समेट्नेगरी अगाडि बढाउन सुझाव दिए ।

कार्यक्रममा सहभागीहरूले संहितालाई खोज तथा अनुसन्धानमूलक प्राज्ञिक 'जर्नल' का रूपमा विकास गर्दै लैजानुपर्ने तर 'सिद्धान्त हावी हुने, व्यवहार मर्ने' अवस्था भने आउन नदिनेतर्फ सचेत रहन सुझाव दिए । काउन्सिल अध्यक्ष बस्नेत, सदस्य रामप्रसाद दाहाल, मुख्य अधिकृत झवीन्द्र भुसालले प्राप्त सुझावअनुसार संहिताको स्तरोन्नति र विविधिकरण, पत्रकारिताको रचनात्मक विकासका लागि आवश्यक काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

अध्यक्ष बस्नेतले संहिताको ६१औं अंक प्रकाशन भइसक्दा काउन्सिलले पछिल्लोपटक लेखक तथा विज्ञबाट सुझाव लिइ आफ्नै प्रकाशनको मूल्यांकन थालेको बताए । काउन्सिललाई अध्ययन र अनुसन्धानको पाटोमा अगाडि बढाउने प्रयास भइरहेको उनको भनाइ छ ।

सिमलताल घटना

# राहतका लागि आवश्यक कागजात पेस गर्न प्रशासनको अनुरोध

**वीरगञ्ज (पर्सा)–** चितवनको भरतपुर महानगरपालिका–२९ सिमलताल नजिकै पहिरोमा परेर हराइरहेका एञ्जल डिलक्स बसमा सवार मृतक तथा बेपत्ताका परिवारलाई राहतका लागि आवश्यक कागजात पेस गर्न जिल्ला प्रशासन कार्यालय पर्साले अनुरोध गरेको छ ।

जिल्ला प्रशासन कार्यालयले सोमबार सार्वजनिक सूचना जारी गरी यहाँका चारवटा स्थानीय तहलाई आफ्नो पालिकाका मृतक र बेपत्ता भएका परिवारलाई राहत रकमका लागि आवश्यक कागजातसहित सिफारिस गर्नसमेत अनुरोध गरेको छ ।

गत असार ३१ गते बसेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले बाढीपहिरोजस्ता विपद्जन्य घटनाका कारण बेपत्ता भई घटना घटेको १० दिनसम्म पनि फेला पार्न नसकेको यकीन भएमा विपद्बाट पीडित व्यक्तिका परिवारलाई मृतकसरह राहत उपलब्ध गराउने निर्णय गरेअनुसार आवश्यक प्रक्रियाअघि बढाएको कार्यालयले जनाएको छ ।

एञ्जल बसमा पर्सा जिल्लाका चार पालिकाका १० जना परेका थिए । जसमा वीरगञ्ज महानगरपालिका, बहुदरमाई, पर्सागढी नगरपालिका र सखुवा प्रसौनी गाउँपालिका रहेका छन् । एञ्जल बसमा पर्सा जिल्लाबाट सुजितकुमार साह, ओमहरि यादव, रैफुल आलम, जवाहीर महतो, हरिन्द्र पण्डित, हृदयनारायण राउत, भगवती देवी, चन्द्रप्रभाकुमारी चौधरी, सलिम मियाँ, सैनफ खातुनसहित १० जना रहेका थिए ।

जिल्ला प्रशासन कार्यालयका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद खतिवडाले मृतक तथा बेपत्ता भएका व्यक्तिका परिवारलाई राहत रकम लिन चारवटै पालिकालाई आवश्यक कागजातसहित सिफारिस गर्न अनुरोध गरिएको जानकारी दिए ।

कार्यालयले राहतका लागि मृतक तथा बेपत्ता व्यक्तिको परिवारका तर्फबाट निवेदन, सम्बन्धित वडा कार्यालयको किटानी सिफारिस आवश्यक पर्ने जनाएको छ । यसैगरी मृतकको नागरिकता र मृत्यु दर्ताको प्रमाणपत्रको छायाँप्रति, मृतकसँगको नाता प्रमाणित र नाम थर फरक परेकामा सोको किटानी वडा सिफारिसको कागजात आवश्यक पर्ने छ ।

यस्तै, राहत बुझ्ने मृतकको नजिकका हकदारको नागरिकताको प्रतिलिपि, निजको चेकबुक, स्थायी लेखा नम्बरको प्रतिलिपि र घटनास्थल प्रहरी सर्जमिन मुचुल्का तथा प्रहरी प्रतिवेदन पनि चाहिने छ । नजिकको हकदार भन्नाले क्रमश: मृतकको पति वा पत्नी, छोरा वा छोरी, बुवा वा आमा, दाइ वा भाइलाई जनाउने पनि कार्यालयले स्पष्ट पारेको छ ।

वीरगञ्जबाट काठमाडौं जाँदै गरेको एञ्जल डिलक्स बसमा चालकसहित १७ नेपाली र आठ भारतीय नागरिक सवार रहेका थिए । सो बस गत असार २८ गते बिहान भरतपुर महानगरपालिका–२९ स्थित सिमलताल नजिकै भेलबाढीले बगाएर त्रिशूलीमा हराइरहेको छ । हराइरहेका केही व्यक्तिको शव भेटिए पनि अधिकांशको अझै बेपत्ता छन् । *रासस*


## साउदीमा रोजगार

कम्पनी : ALI HASSAN AL -AMRY CONTRACTING EST
शहर : Dammam

पूर्व स्वीकृति मिति : २०८१/04/२८ | LT. No. 308819 | चलानी नं. ६०२२३४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pickup Truck Driver | 1 | 0 | 1800 | ६४,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ४ गते (20th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

'असार अन्तिम साता आएको बाढीले नहर भत्काएपछि हाम्रो धानखेती कटान हुन थालेको छ,' भीमदत्त-९ का स्थानीय अर्जुन नाथले भने, 'हामीले कटान रोक्नका लागि अस्थायी तटबन्धको माग गरे पनि कतैबाट सुनुवाइ भएन ।' उनले महिना दिन पुग्न लाग्दासमेत कुनै निकायबाट सहयोग नभएको गुनासो गरे ।

'अहिले प्लास्टिकले छोपेर खेत बचाउने प्रयास गरिरहेका छौं,' नाथले भने, 'महाकाली सिँचाइ र नगरपालिकामा धाउँदा पनि कतैबाट सहयोग प्राप्त भएन ।' उक्त क्षेत्रमा पालिका प्रमुख तथा उपप्रमुख र यहाँका प्रदेशसभा सदस्यहरूले स्थलगत अवलोकन गरे पनि जमिनको कटान रोक्न कुनै प्रयास नगरेको स्थानीयको गुनासो छ । 'हेर्नलाई मन्त्री सांसद सबै आउनुभयो, हामीलाई आश्वासन मात्रै दिएर जानुभयो,' स्थानीय किरण नाथले भने, 'हाम्रो करिब दुई कट्ठा धानखेती कटान भइसक्यो ।' स्थानीयका अनुसार सामान्य वर्षामासमेत जमिन कटान हुन थालेको छ । तीन परिवारको पाँच कट्ठाभन्दा बढी धानखेती कटान भएको छ । 'खेत कटान भएर हाम्रो घरसम्म पुग्न २० मिटरमात्रै बाँकी छ,' उनले भने, 'राति वर्षा भयो भने डरले घरमा सुत्दैनौं ।'

भीमदत्त-९ का वडा सदस्य पशुपति सार्कीले नहर भत्किएपछि स्थानीयको घरखेत जोखिममा परेको बताए । 'सुरुआतमा नहर भत्कियो, त्यसपछि स्थानीयको धानखेती कटान हुन थालेको छ,' वडा सदस्य सार्कीले भने, 'कटानले गर्दा ब्रह्मदेव सडकसमेत जोखिममा परेको छ ।' उनका अनुसार मटेनामा कटान हुँदा ठूलो क्षति गरेको छ । स्थानीयको खेतसँगै सडक भत्किएर आवतजाव बन्द भएको छ । *रासस*

# गाडीमा कोचिएरै यात्रा ट्राफिक छल्छन् चालक



**गण्डकी-** कास्कीको पोखरादेखि तनहुँको दमौलीलगायत छोटो दूरीका गन्तव्यमा दैनिक सयौं गाडी ओहोरदोहोर गर्छन् । प्रदेश राजधानीमा बढ्दो जनघनत्वको तुलनामा सार्वजनिक यातायातको गुणस्तर भने सुधार हुन सकेको छैन । सर्वसाधारण यात्रु थोत्रा गाडीमा कोचिएरै यात्रा गर्न बाध्य छन् । पर्यटकीय राजधानीसमेत रहेको पोखरामा २० वर्ष नाघेका सवारीसाधन निर्बाध चलिरहेका भेटिन्छन् ।

यान्त्रिक अवस्था ठीक नभएका (थोत्रा) सवारीसाधन सडकमा गुड्दा प्रदूषण, दुर्घटनाको जोखिम बढ्नाका साथै ट्राफिक व्यवस्थापनमा चुनौती थपिएको छ । बिहान र बेलुका कार्यालय छुट्ने समयमा पोखराको सार्वजनिक यातायात अस्तव्यस्त देखिन्छ । घुमफिर, किनेमेल आदिका लागि पोखरा आएका सर्वसाधारण पनि साँझ गाडीमा कोचाकोच गरेर घर फर्कनुपर्ने अवस्था छ । बागलुङ बसपार्कदेखि दमौलीका लागि छुट्ने बस पृथ्वीचोकसम्म पुग्दा यात्रु खचाखच भइसकेका हुन्छन् ।

बसका चालकले भने यात्रु चढाउन छोड्दैनन् । बसमा सिट नभए पनि ठाउँठाउँमा रोक्दै यात्रु डाकिरहेका हुन्छन् । ट्राफिक प्रहरी भेटिँदा बसको ढोका बन्द गर्छन् । उभिएका यात्रुलाई भुइँतिर निहुरिएर बस्न अह्राउँछन् । अर्को विकल्प नभए पनि यात्रु पनि घर जाने हतारले गाडीमा उभिन तयार हुन्छन् । यात्रु चढ्न र झर्न पनि मुस्किल हुनेगरी बसले यात्रु ओसारिरहन्छन् । कोचाकोच हुनेगरी यात्रु नचढाउन गरेको आग्रहलाई चालक र सहचालकले टेर्दैनन् । उल्टै नमीठो जवाफ फर्काउँछन् ।

दिउँसोको समयमा कम यात्रु लिएर हिँड्नु परेकाले साँझ-बिहान सिट संख्याभन्दा बढी यात्रु चढाउनुपर्ने बाध्यता रहेको उनीहरू सुनाउँछन् । ट्राफिक प्रहरीले बेवास्ता गर्ने भएकाले चालकलाई नियम मिच्न पनि सजिलो छ । दमौलीका लागि छुट्ने बसले अधिकांश स्थानीय यात्रुलाई सेवा दिँदै आएको पोखरा-दमौली चल्ने बसका सहचालक दीपक परियारले बताए ।

दमौली जाने बसमा पोखराकै चलाउँथे, विजयपुर, अर्घौं, तालचोक, भण्डारढिक, गगनगौंडालगायत ठाउँमा पुग्ने यात्रुलाई सेवा दिँदै आएको उनको भनाइ छ । पोखरा-मुग्लिन राजमार्ग विस्तार तथा स्तरोन्नतिमा भइरहेको ढिलाइले पनि सो क्षेत्रको आवातजावात कठिनाइपूर्ण रहेको उनले बताए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका वरिष्ठ हवल्दार आशिष क्षेत्रीले कुनै पनि सवारीसाधनले सिट संख्याभन्दा बढी यात्रु बोक्न नपाइने बताए । पोखरा-दमौली, पोखरा-बेगनासलगायतका रुटमा चल्ने सवारीसाधनले क्षमताभन्दा बढी यात्रु बोक्ने गरेको गुनासो आइरहेकाले ट्राफिक अनुगमनलाई कडाइ गरिने उनको भनाइ छ । 'लामो दूरीका गाडीमा त यो समस्या छैन,' उनले भने, 'पोखरा महानगर र बाहिरका नजिकका गन्तव्यसम्मको सार्वजनिक यातायातमा देखिएको समस्या समाधानका लागि सबै पक्ष जिम्मेवार हुनुपर्छ ।' स्थानीय रुटमा चल्ने सवारीसाधनले विशेष समय र परिस्थितिमा एक, दुई यात्रुलाई उभ्याएर यात्रा गराउँदा ट्राफिक प्रहरीले व्यावहारिकता हेर्ने गरेको वरिष्ठ हबल्दार क्षेत्रीले बताए ।

'खचाखच यात्रु उभिएरै यात्रा गरेको अवस्थामा ट्राफिक प्रहरीले कारबाही गर्छ,' उनले भने, 'ट्राफिक व्यवस्थापन र अनुगमनलाई अझ चुस्त पार्छौं ।' उनले ट्राफिक प्रहरीको आँखा छलेर ट्राफिक नियम उल्लंघन नगर्न यातायात व्यवसायी र सवारी चालकहरूलाई आग्रह गरे । तोकिएको सिट संख्याभन्दा बढी यात्रु बोक्दा गाडी दुर्घटनाको जोखिम बढी हुने उनको भनाइ छ । पोखरा-मुग्लिन सडक निर्माणको चरणमा रहेकाले उक्त सडकमा बढी यात्रु बोकेर सवारीसाधन गुडाउँदा यात्रा कष्टकर हुने र दुर्घटनाको खतरा रहने ट्राफिक प्रहरीको भनाइ छ ।

जिल्ला ट्राफिक कार्यालयका प्रमुख प्रहरी निरीक्षक भानु शर्माले यान्त्रिक धेरै पुराना र प्रदूषणयुक्त सवारीसाधन सञ्चालनमा कडाइ गरिएको बताए । यान्त्रिक हिसाबले सही अवस्थामा नरहेका धेरै पुराना सवारीसाधन सञ्चालन गर्दा दुर्घटनाको जोखिम बढी हुने उनले उल्लेख गरे । 'पुराना सवारीसाधनबाट वायु र ध्वनी प्रदूषण पनि बढी हुन्छ, सवारी व्यवस्थापनमा पनि असहजता ल्याउँछ,' प्रहरी निरीक्षक शर्माले भने ।

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयका अनुसार गण्डकी प्रदेशमा दर्ता भई २० वर्ष नाघेका झण्डै ४०० सवारीसाधन छन् । प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन २०७६ लेसमेत २० वर्ष पुराना सवारीसाधन सञ्चालनमा रोक लगाए पनि कतिपय सवारीधनीले अटेर गरी त्यस्ता सवारीसाधन सञ्चालन गरिरहेको मन्त्रालयले जनाएको छ । २० वर्ष पुराना सवारीसाधन सञ्चालन गरेमा प्रदेशको सवारी तथा यातायात व्यवस्थापन ऐन २०७६ मा भएको व्यवस्थाअनुसार कारबाही हुने व्यवस्था छ । मन्त्रालयले २० वर्ष नाघेका सवारीसाधनको लगत कट्टा गरी दर्ता खारेजीको प्रक्रियामा आउन सवारीधनीलाई अनुरोध गर्दै आएको छ । *रासस*


## युएईमा रोजगार

कम्पनी : SPARK SECURITY SERVICES LLC
शहर : N

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२८ | LT. No. 299024 | चलानी नं. ६०२१४०१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard - SIRA | 90 | 10 | 2000 | ७३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ४ गते (20th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.
श्रम ईजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR U.A.E !!!
## शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ATLANTIS THE PALM HOTEL AND RESORT, UAE
कम्पनी : एट्लान्टिस द पाल्म होटल एण्ड रिसोर्ट, युएई

Pre Approval Date : 2024-05-09 | Post Approval Date : 2024-08-12 | LT. No. 304266 | चलानी नं. ६०२१९२५०
पूर्व स्वीकृति मिति : २०८१/०१/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०४/२८ | एल टि न. ३०४२६६ | Invoice No. 60219250

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 15 | 5 | 1493 | ५४,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chamberman/chambermaid/housekeeping Attendent/room | 70 | 30 | 1400 | ५०,७४५ | | | | | | | |
| 3 | Clerk Assistant | 5 | 3 | 1620 | ५८,७१५ | | | | | | | |
| 4 | Cook General | 80 | 20 | 1395 | ५०,५६० | | | | | | | |
| 5 | Customer Service Agent | 25 | 15 | 1350 | ५०,५६० | | | | | | | |
| 6 | Life Guard | 30 | 10 | 1700 | ६१,६१५ | | | | | | | |
| 7 | Marine Officer | 5 | 5 | 1620 | ५८,७१५ | | | | | | | |
| 8 | Receptionist | 0 | 20 | 1680 | ६०,८९० | | | | | | | |
| 9 | Supervisor | 12 | 8 | 3000 | १०८,७३५ | | | | | | | |
| 10 | Waiter | 120 | 0 | 1350 | ५०,५६० | | | | | | | |
| 11 | Waitress | 0 | 50 | 1350 | ५०,५६० | | | | | | | |

The final interview will be conducted in the office on 20th August, 2024.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ४ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE
श्रम ईजाजत नं. ८२२/०६६/०६७
VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

प्रभाव दैनिक

रूपशाला

## पाकिस्तानी गायिका हानिया असलमको निधन

पाकिस्तानी गायिका तथा संगीतकार हानिया असलमको निधन भएको छ । आइतबार हृदयाघातबाट उनको निधन भएको बताइएको छ । उनको पार्टनरसमेत रहेकी बहिनी जेब बंगाशले इन्सटाग्राम पोस्टमार्फत हानियाको निधनको पुष्टि गरेकी हुन् । दुई जना मिलेर संगीतहरु सिर्जना गर्थे । पाकिस्तानको कोक स्टुडियोबाट उनीहरूले चर्चा कमाएका थिए । यसमा उनीहरूको चर्चित गीत 'चल दिए' सामेल छ । सोमबार बिहान जेबले इन्सटाग्राममा हानियाको तस्बिर सेयर गर्दै श्रद्धाञ्जली दिएकी थिइन् ।



मंगलबार, २९ साउन २०८१ (Tuesday, August 13, 2024)

# सारंगीको धुनसँगै विरहका भाका सुनाउँदै डम्बर



■ प्रभाव संवाददाता

**राँझा (बाँके)** – जाजरकोट नलगाड नगरपालिकाका ५३ वर्षीय डम्बर गायन नेपालगञ्जमा सारंगीको धुनसँगै विरहका भाका सुनाउँदै आएका छन् ।

गाउँगाउँमा खबर सुनाउँदै हिँड्ने गाइने दाइको अभाव खड्किरहेका बेला डम्बरले पुर्ख्यौली जातीय पेसालाई निरन्तरता दिँदै जीविकोपार्जन गर्दै आएका छन् । उनले परम्परागत जातीय पेसाबाट आफ्नो चारजनाको परिवारको गर्जो टार्ने गरेको बताए ।

काँधमा कालो झोला, गलामा सारंगी भिरेर नेपालगञ्जका विभिन्न गाउँ घुम्ने डम्बरले सारंगी रेटेर गीत गाउँदै दैनिक रु पाँच सयदेखि रु सात सयसम्म आम्दानी हुने गरेको जानकारी दिए । नेपालगञ्जमा मात्र नभई कोहलपुर, खजुरा, सुर्खेतको वीरेन्द्रनगर, छिन्चु, बर्दियाको गुलरिया, भुरीगाउँ, बाँसगढी, दाङको लमही, घोराही र तुलसीपुरमा समेत पुग्ने गरेको उनले बताए ।

बाह्र वर्षको उमेरदेखि सारंगी भिरेर विभिन्न जिल्लाका गाउँगाउँमा गीत गाउँदै आएका डम्बर परिवारको हातमुख जोड्नका लागि सारंगी रेट्दै नेपालगञ्ज छिरेका हुन् । उनले गीतमार्फत आफ्नो दुःखेसो पोख्दै सहयोगका लागि आग्रह गर्छन् ।

'सहरमा हाम्रो गीत कसैले सुन्छन्, कसैले वास्तै गर्दैनन् । जसोतसो घरखर्च संकलन हुँदै हाएको छ', डम्बरले भने, 'मागेर खान नभई आफ्नो संस्कृति र पेसालाई जोगाउन सारंगी रेट्दै विरहका गीत गाउने गरेको छु । यो पेसाबाट मलाई गर्व महसुस हुने गर्दछ ।'

बीचमा केही वर्ष रोजगारीका लागि भारतका विभिन्न सहरमा पुगेको बताउँदै उनले पछिल्लो सात वर्षदेखि निरन्तर सहर बजारमा एक्लै सारंगी रेटेर जीविकोपार्जन गर्दै आएको जानकारी दिए । सूचना र सञ्चारको पहुँचसँगै ग्रामीण क्षेत्रमा पाश्चात्य गीतसंगीतको प्रभाव बढ्दै गइरहेका उनको बुझाइ छ ।

सहरमा सारंगी रेटेर विरहका भाकासँगै डम्बरले विकास निर्माण, जनप्रतिनिधिप्रतिको निराशा र सामाजिक बेथितिका गीतसमेत गाउँदै आएका छन् । बर्दियाको बढैयाताल गाउँपालिका-४ सुन्दरबस्तीमा अस्थायी बसोबास गर्दै आएका डम्बरले बदलिँदो समयसँगै नयाँ पुस्ताले पुर्ख्यौली पेसाबाट जीविकोपार्जन सम्भव नदेखेपछि अन्य पेसा अंगाल्दै गएका बताए ।

समसामयिक अवस्थालाई सरल शब्दमा सर्वसाधारणले बुझ्ने गरी गीतको माध्यमबाट व्यक्त गर्ने पुर्ख्यौली पेसा अहिले विस्थापित हुँदै गएकामा डम्बरले चिन्ता व्यक्त गरे । कुनै दिन बम्बईका कोठीमा नेपाली चेली बेचिएको, कतै सासूले बुहारी मारेको अनि विभिन्न युद्धमा वीरगति प्राप्त गरेका खबरको वाहक बनेर गाउँघरमा सारंगी रेट्ने गाइने दाइ हिजोआज देखिन छाडेका उनको भनाइ छ ।

रेडियो, पत्रपत्रिका, टेलिभिजन, मोबाइलफोनलगायत अत्याधुनिक सूचना प्रविधिको विकासले आफुहरूले पुर्ख्यौली पेसा परिवर्तन गर्न बाध्य भएको डम्बरले गुनासो गरे । नेपाली मौलिक लोक संस्कृति र पुर्ख्यौली पेसा संरक्षण गर्न स्थानीय, प्रदेश र सङ्घीय सरकारले सहयोग गर्नुपर्नेमा उनले जोड दिए ।

# अजय देवगनको यो वर्षको तेस्रो फिल्म भयो 'सुपर फ्लप'

■ प्रभाव संवाददाता



**मुम्बई** – अजय देवगनको पछिल्लो रिलिज फिल्म 'अरों मे कहाँ दम था' ले बक्स अफिसमा निकै संघर्ष गरिरहेको छ ।

नीरज पाण्डे निर्देशित फिल्मलाई दर्शकले पूर्ण रूपमा अस्वीकार गरेका छन् । योसँगै यो फिल्मले मुट्ठीभर कमाई गर्न पनि पसिना बगाएको छ । आउनुहोस् यहाँ थाहा पाउनुहोस् 'अरों मे कहाँ दम था' ले रिलिजको १० औं दिन अर्थात् दोस्रो हाफमा कति कलेक्शन गरेको छ ?

यो अजय देवगनको वर्ष हुने अनुमान गरिएको थियो । वास्तवमा, यो वर्ष सुपरस्टारका पाँच फिल्म हलमा रिलिज हुने थिए, जसमध्ये तीन ठूला पर्दामा आएका छन् । अजयको पहिलो फिल्म 'शैतान' ले बक्स अफिसमा हलचल मचाएको थियो र वर्षको पहिलो हिट साबित भयो भने अजय देवगनको दोस्रो फिल्म 'मैदान'ले निकै प्रशंसा पाए पनि दर्शकको मन जित्न सकेन ।

अहिले अजय देवगनको पछिल्लो फिल्म नीरज पाण्डेको 'अरों मे कहाँ दम था' रिलिज भएको छ तर यो फिल्म बक्स अफिसमा फ्लप भएको छ । फिल्मको कमाईको कुरा गर्दा 'अरों मे कहाँ दम था' ले १.८५ करोडको खाता खोलेको छ । फिल्मले पहिलो हप्तामा १०.१ करोड कमाएको थियो । अब 'अरों मे कहाँ दम था' रिलिजको दोस्रो हप्तामा पुगेको छ ।

फिल्मले दोस्रो शुक्रबार ३५ लाख रूपैयाँ कमाएको थियो भने दोस्रो शनिबार ५४ लाख रूपैयाँ कमाएको थियो । अब यो फिल्मले रिलिजको दशौं दिन अर्थात् दोस्रो आइतबारको कमाईको प्रारम्भिक आँकडा आएको छ ।

सैकनिल्कका को प्रारम्भिक ट्रेंड रिपोर्ट अनुसार, 'अरों मे कहाँ दम था' ले रिलिजको १० औं दिनमा ५६ लाख रूपैयाँ कमाएको छ। योसँगै 'और मे कहाँ दम था'को १० दिनको कुल कलेक्सन ११.५५ करोड मात्र पुगेको छ ।

# 'वर एन्ड बधू'मा विवेक र आँचलको रोमान्स

**काठमाडौं (प्रस)**– भदौको १४ गतेबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्म 'वर एन्ड बधू'को तीन नयाँ पोस्टर रिलिज गरिएको छ । सार्वजनिक ३ पोस्टरमध्ये दुई वटा पोस्टरमा मुख्य नायिका आँचल शर्मा र नायक विवेक कर्माचार्यलाई रोमान्टिक अवतारमा देखाइएको छ । यस्तै, एक पोस्टरमा भने फिल्मका अधिकांश कलाकारहरू अटाएका छन् ।





मिलन चाम्सको निर्देशनमा तयार भएको यो फिल्ममा विजय लामा, किरण केसी, रविन्द्र खड्का, सृष्टि खड्का, हिमेश पन्त, कुसुम शर्मा, दिनेश काफ्ले, सिता न्यौपाने, अंशु महर्जन, सरिता लामिछाने, गरिमा शर्मा लगायतका कलाकारहरूको अभिनय छ ।

प्रदीप भारद्वाजको लेखन रहेको यो फिल्मका कार्यकारी निर्माता डाक्टर अमित रिजाल हुन् । एलआरके इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको यो फिल्ममा जानुका थापाको लगानी छ। फिल्ममा सुदिप बरालको डीओपी, मिलन श्रेष्ठको सम्पादन, साहिल खानको ट्रेलर, कविराज गहतराज र अनिसा स्याङ्देनको कोरियोग्राफी, हिमाल केसीको एक्सन छ ।

रोमान्टिक कमेडी जनरामा निर्माण भएको यो फिल्मले बक्स अफिसमा सुखद व्यापार गर्ने अपेक्षा गरिएको छ ।



# सकियो पेरिस ओलम्पिक




■ प्रभाव संवाददाता

**काठमाडौं** – जारी पेरिस ओलम्पिकमा अहिलेसम्म ९१ देशले पदक जितेका छन् । गएराती सम्पन्न पेरिस ओलम्पिकपछि शरणार्थी टिमसहित २०५ देशले भाग लिएकोमा ६३ देशले स्वर्ण पदक जितेका छन् भने कुल ९१ देशले पदक जितेका छन् । पदक तालिकामा अमेरिका ४० स्वर्ण, ४४ रजत र ४२ काश्य पदक जितेर शिर्ष स्थानमा रह्यो । त्यस्तै अमेरिकालाई पछ्याउदै चीन ४० स्वर्ण, २७ रजत र २४ काश्य पदक जितेर दोस्रो स्थानमा रहेको छ ।

त्यस्तै जापानले २० स्वर्ण, १२ रजत र १३ काश्य पदकसहित तेस्रो स्थानमा रह्यो भने अस्ट्रेलिया १८ स्वर्णसहित १९ रजत र १६ काश्य पदक जितेर चौथो स्थानमा रहेको छ । त्यस्तै आयोजक फ्रान्सले १६ स्वर्ण, २६ रजत र २२ काश्य पदक जितेर पाँचौं स्थानमा रहेको छ ।

त्यसैगरी नेदरल्याण्डसले १५ स्वर्ण ७ रजत र १२ काश्य पदकसहित छैठौं स्थानमा रहेको छ भने ग्रेट ब्रिटेन १४ स्वर्ण, २२ रजत र २९ काश्य पदकसहित सातौं स्थानमा रहेको छ ।

त्यस्तै दक्षिण कोरियाले १३ स्वर्ण, ९ रजत र १० काश्य पदक जितेको छ भने इटालीले १२ स्वर्ण, १३ रजत र १५ काश्य पदक जितेको छ । त्यस्तै जर्मनीले १२ स्वर्ण, १३ रजत र ८ काश्य पदक जितेको छ भने न्यूजील्याण्डले १० स्वर्ण, ७ रजत र ३ काश्य पदक जितेको छ। त्यसैगरी क्यानडाले ९ स्वर्ण, ७ रजत र ११ काश्य पदक जितेको छ भने उज्बेकिस्तानले ८ स्वर्ण २ रजत र ३ काश्य पदक जितेको छ ।

त्यसैगरी हंगेरीले ६ स्वर्ण, ७ रजत र ६ काश्य पदक जितेको छ भने स्पेनले ५ स्वर्ण ४ रजत र ९ काश्य पदक जितेको छ । त्यसैगरी स्विडेन, केन्या, नर्वे र आयरल्याण्डले ४-४ स्वर्ण पदक जितेका छन् भने ब्राजिल, इरान, युक्रेन, रोमानिया, जर्जिया, बेल्जियम, सर्बिया र चेक रिपब्लिकले ३-३ स्वर्ण पदक जितेका छन् ।

त्यस्तै डेनमार्क, अजरबैजान, क्रोसिया, क्युबा, बहारान, स्लोभेनिया, चाइनिज ताइपेइ, अस्ट्रिया, हङकङ, फिलिपिन्स, अल्जेरिया, इन्डोनेसियाले २-२ स्वर्ण पदक जितेका छन् । त्यसैगरी इजरायल, पोल्याण्ड, काजकिस्तान, जमैका, दक्षिण अफ्रीका, थाइल्याण्ड, इथोपिया, स्वीजरल्याण्ड, इक्वेडर, पोर्चुगल, ग्रीस, अर्जेन्टिना, इजिप्ट, ट्युनिसिया, बोट्सवाना, चिली, सेन्ट लुसिया, युगाण्डा, ग्वाटेमाला, मोरक्को, डोमीनिका, पाकिस्तानले एक एक स्वर्ण पदक जितेका छन् ।

त्यसैगरी टर्की, मेक्सिको, अर्मेनिया, कोल्मबिया, काजकिस्तान, उत्तर कोरिया, लिथुआनिया, कोसोभो, साइप्रस, फिजी, जोर्डन, मंगोलिया, पानामा, ताजकिस्तान, अल्बानिया, ग्रेनाडा, मलेसिया, पुरेटो रिको, काबो भेर्डो, रिफ्युजी ओलम्पिक टिम, पेरु, कतार, सिंगापुर, स्लोभाकिया र जाम्बियाले पेरिस ओलम्पिकमा पदक जितेका छन् ।

# रोहितको टिमलाई ग्लोबल टी-२० को उपाधि

**काठमाडौं (प्रस)**- नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान रोहितकुमार पौडेल आबद्ध टोरोन्टो नेसनल्सले क्यानडामा जारी ग्लोबल टी-२० लिगको उपाधि उचालेको छ । आइतबार राति सम्पन्न फाइनल खेलमा टोरोन्टोले साविक विजेता मोन्ट्रियल टाइगर्समाथि ८ विकेटको शानदार जित निकालेको हो ।

टस हारेर सुरुमा ब्याटिङ गरेको टाइगर्सले पूरै २० ओभर खेल्दा ९ विकेटको क्षतिमा ९६ रन बनाएको थियो । उसका लागि कोर्बिन बोशले सर्वाधिक ३५ रन बनाए । जसकरण सिंहले १६, अनुप रविले १० रन जोड्नुबाहेक अन्य कुनै पनि ब्याट्सम्यानले दोहोरो अंकमा रन जोड्न सकेनन् । टाइगर्सलाई सस्तैमा समेट्न टोरोन्टोका लागि जेसन बेहरेन्डोर्फले सर्वाधिक ३ विकेट लिए । चार ओभर बलिङ गर्दा मात्र ८ रन दिएर उनले तीन विकेट झारेका हुन् ।

रोमारियो शेफर्डले दुई विकेट लिएको खेलमा जुनैद सिद्दिकी, मोहम्मद नवाज, निखिल दत्त र जतिन्द्रपाल मथारुले समान एक/एक विकेट हात पारे ।

जवाफी ब्याटिङ गरेको टोरोन्टोले दुई विकेटको क्षतिमा १५ ओभरमै ९७ रनको लक्ष्य भेट्टायो । उसका लागि एन्ड्रिज गौसले नटआउट अर्धशतक बनाए । ४९ बल खेलेका उनले ८ चौकाको मद्दतमा ५८ रन बनाए भने रसिभ भान डरले नटआउट ३० रन जोडे ।

# त्रिवि क्रिकेट रंगशाला स्तरोन्नतिका लागि सहकार्य



■ प्रभाव संवाददाता

**कीर्तिपुर (काठमाडौं)** – त्रिभुवन विश्वविद्यालय परिसरस्थित क्रिकेट रंगशालालाई अन्तर्राष्ट्रिय स्तरको निर्माण गर्नेबारे सम्बद्ध सरकारी निकायहरूले सहकार्य सुरु गरेका छन् ।

रङ्गशालाको स्तरोन्नतिको काम अघि बढाउन आइतबार सम्बद्ध मन्त्रालयहरू, त्रिवि र राष्ट्रिय खेलकुद परिषद्का प्रतिनिधिबीच छलफल भएको राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंक घिसिङले जानकारी दिए । छलफलमा आवश्यक नीतिगत र भौतिक काममा समन्वय गर्ने सहमति भएको छ ।

नवगठित सरकारको पहिलो निर्णयका रूपमा मन्त्रिपरिषद्ले गत असार १३ गते आगामी तीन सय दिनभित्र त्रिवि क्रिकेट मैदानलाई सुविधासम्पन्न अन्तर्राष्ट्रियस्तरको रङ्गशाला बनाउने निर्णय गरेको थियो । क्रिकेट मैदानमा प्यारापिट, रात्रिकालीन खेलका लागि फ्लडलाइट निर्माण गर्नेलगायत आवश्यक संरचना बनाउने निर्णयमा उल्लेख छ । 'सो निर्णयअनुसारका संरचना निर्माण गर्न त्रिवि, राखेप र शिक्षा, अर्थ तथा सहरी विकास मन्त्रालयबीच समन्वय गर्नुपर्ने भएकाले संयुक्त बैठक गरेर अघि बढेका हौं', सदस्यसचिव घिसिङले भने ।

उनका अनुसार रङ्गशालामा फ्डलाइट निर्माण गर्न यस अघि 'टेन्डर' गर्ने निर्णय भएको थियो । सो टेन्डरबारे सार्वजनिक खरिद पुनरावलोकन समितिमा निवेदन परेका कारण प्रक्रिया स्थगित भएको हो । उक्त समितिबाट निर्णय आएपछि काम अघि बढ्ने उनले बताए । यसैगरी, प्यारापिट निर्माण गर्न गुरुयोजना तयार भए पनि ठूलै बजेट आवश्यक भएकाले सहरी विकासमार्फत योजना सञ्चालन गर्ने तयारी छ ।

रङ्गशालाको स्तरीकरणका लागि त्रिभुवन विश्वविद्यालय र नेपाल क्रिकेट एसोसिएसन क्यानबीचको जग्गा भाडा सम्झौतासमेत नवीकरण गर्नुपर्ने अवस्थामा रहेको सदस्यसचिव घिसिङको भनाइ छ । त्रिविको आन्तरिक रङ्गशालाका रूपमा रहेको उक्त मैदान २०५२ सालमा २५ वर्षका लागि क्यानले भाडामा लिएको थियो । त्यसको नवीकरण र अब बन्ने संरचनाका लागि त्रिविको सहमति आवश्यक हुने उनले बताए ।

बैठकमा सहभागी त्रिवि रजिष्ट्रार प्राडा केदारप्रसाद रिजालले संरचना निर्माणका लागि त्रिविले गनुपर्ने नीतिगत एवं व्यावहारिक निर्णयहरू शिक्षा मन्त्रालयबाट भएको पत्राचारका आधारमा गर्ने जानकारी दिए । त्रिविको जग्गा भाडासम्बन्धी विषय त्रिवि सभाले निर्णय गर्नुपर्ने बताउँदै उनले हाल त्रिविको जग्गाको उपयोग सम्बन्धमा प्रश्न उठिरहेकाले जग्गासम्बन्धी विषय संवेदनशील भएको उल्लेख गरे ।

क्यानका सचिव एवं पूर्वराष्ट्रिय कप्तान पारस खड्काले प्रधानमन्त्रीको निर्देशनसहित राज्यकै उच्च प्राथमिकतामा परेका कारण यसपटक क्रिकेट रङ्गशाला अन्तर्राष्ट्रिय स्तरको बन्नेमा आफू आशावादी रहेको बताए । 'देशमा एउटा ठूलो क्षमताको र स्तरीय रङ्गशालाको आवश्यकता धेरै अघि देखि महसुस भएको हो । त्यसका लागि अहिले सरकारले प्राथमिकता राखेको छ यो सकारात्मक छ', उनले भने ।



इजरायली अधिकारीहरूले जारी गरेको पछिल्लो निकासी आदेशपछि दक्षिणी गाजा सहर खान युनिसको उत्तरपश्चिममा रहेको हमाद सहर छाडेर जाँदै गरेका मानिसहरू । *तस्बिरः सिन्हवा*

# अमेरिकी राष्ट्रपति बाइडेनको 'गाजा युद्धविराम योजना' हमासको नयाँ अडान

**गाजा क्षेत्र-** हमासले गाजाको तर्फबाट वार्तामा सहभागी मध्यस्थकर्तालाई अरू थप वार्ता गर्नुको सट्टा अमेरिकी राष्ट्रपति जो बाइडेनले प्रस्तुत गरेको युद्धविराम योजना कार्यान्वयनमा अडान राख्न माग गरेको छ । इजरायली सैन्य कारबाहीका कारण असुरक्षित प्यालेस्टिनीहरू सुरक्षाका लागि एकपछि अर्को स्थानमा भागिरहनुपरेको पीडाबीच हमासको यो भनाइ आएको हो ।

गाजामा इजरायली आक्रमण जारी रहँदा र इरानसम्बद्ध नेताको हत्याले द्वन्द्वको डर उत्पन्न गरेपछि अन्तर्राष्ट्रिय मध्यस्थकर्ताले इजरायल र हमासलाई युद्धविराम र बन्धक मुक्ति सम्झौताका लागि वार्ता पुनः सुरु गर्न आह्वान गरेका हुन् ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले राजनीतिक लाभका लागि युद्ध लामो बनाएको आरोप लागिरहेका समय इजरायली वार्ता टोलीले अमेरिका, कतार र इजिप्टले बिहीबारका लागि दिइएको वार्ताको निमन्त्रणा स्वीकार गरेको छ ।

यसैबीच, अमेरिकी राष्ट्रपति बाइडेनले गत मे ३१ मा तयार गरेको र पछि राष्ट्रसंघीय सुरक्षा परिषद्बाट अनुमोदित युद्धविराम योजनाको कार्यान्वयनको पक्षमा आफ्नो समूह रहेको दाबी हमासले आइतबार गरेको छ । बाइडेनले तीन चरणको 'स्थायी युद्धविराम तथा सबै बन्धकको रिहाइको रोडम्याप' लाई इजरायली प्रस्तावको युद्धविराम योजनाका रूपमा प्रस्तुत गरेका थिए । यद्यपि, त्यसपछि मध्यस्थताका लागि भएका प्रयासहरू सफल हुन सकेका थिएनन् ।

दक्षिणी गाजाको मुख्य सहर खान युनिसलाई निरन्तरको बमबारी र लडाइँले ध्वस्त पारेको छ भने इजरायलको गाजाको अल जलाला क्षेत्र छोड्न आदेश जारी गरेपछि सयौं गाजाबासी प्यालेस्टिनीहरू उत्तरी छिमेकबाट भागेका छन् । हमासले गत मंगलबार आफ्ना गाजा प्रमुख याहया सिनवारलाई जुलाई ३१ मा इरानमा मारिएका हमासका राजनीतिक नेता इस्माइल हानियाको जिम्मेवारी तोकेको छ ।

हानियाको हत्यापूर्व बेरूतमा भएको हवाई आक्रमणमा हेजबुल्लाहका सैन्य प्रमुख फाउद सुकरको मृत्यु भएको थियो । यसले मध्यपूर्वमा इजरायलविरोधी भावनालाई थप मलजल दिएको र मध्यपूर्वमा थप तनाव बढ्ने अड्कलबाजीहरू गरिएका थिए ।

बस्ती खाली गर्न दिइएका यस्ता आदेशपछि बढ्ने सैन्य आक्रमणको भयले प्यालेस्टिनीलाई धेरै पटक विस्थापित हुन बाध्य पारेको छ । बाइडेनको युद्धविराम योजनाको पहिलो चरणमा छ हप्तासम्म पूर्ण युद्धविराम गर्ने योजना समावेश छ, यस चरणमा इजरायली सेना गाजाको आवासीय क्षेत्रबाट फिर्ता गर्ने र इजरायलले प्यालेस्टिनी कैदीको बदलामा केही बन्धकहरूलाई रिहा गर्ने उल्लेख छ ।

दोस्रो चरणमा युद्धरत पक्षहरूबीच युद्धको स्थायी अन्त्य गर्दै जीवित बन्धकलाई रिहा गर्ने रहेको छ भने तेस्रोमा गाजा क्षेत्रको प्रमुख पुनर्निर्माण योजना र मृत बन्धकहरूको अवशेष फिर्ता गर्ने उल्लेख छ । *रासस/एएफपी*

# हसिनाको पार्टी अवामी लिगमाथि प्रतिबन्ध नलगाइने

**ढाका-** बंगलादेशको अन्तरिम सरकारका गृहमन्त्रीले अपदस्थ प्रधानमन्त्री शेख हसिनाको अवामी लिग पार्टीमाथि प्रतिबन्ध लगाउने सरकारको कुनै मनसाय नरहेको बताएका छन् । 'आवामी लिग पार्टीले बंगलादेशका लागि धेरै योगदान गरेको छ, हामी यसलाई इन्कार गर्दैनौं,' सखावत हुसेनले भने, 'निर्वाचनमा लिगले चुनाव लड्नुपर्छ ।'

गृहमन्त्रीको यो भनाइ बंगलादेश पूर्वप्रधानमन्त्री हसिना वाजेदका छोरा सजीब वाजेदले आइतबार निर्वाचनविना यही अवस्था लम्बिएमा देश अराजकतातर्फ जाने चेतावनी दिएको एक दिनपछि आएको हो । आवामी लिगका नेता ७६ वर्षीया




हसिना प्रधानमन्त्री पदबाट राजीनामा दिई गत सोमबार मित्रराष्ट्र भारततर्फ गएकी थिइन् । पूर्वप्रधानमन्त्री हसिनाको सरकारमाथि १५ वर्षे कार्यकालका क्रममा उनका हजारौं राजनीतिक विरोधीहरूको गैरन्यायिक हत्यासहित व्यापक मानवअधिकार उल्लंघनको आरोप लगाइएको छ ।

वाजेदले करिब १७ करोड जनसंख्या रहेको बंगलादेशमा राजनीतिक भविष्यका लागि हसिनाको दल आवामी लिग महत्त्वपूर्ण रहेको दाबी गरेका थिए । 'हामीसँग दशौं लाख अनुयायीहरू छन् । उनीहरू कतै जाँदैनन्,' उनले एएफपीसँगको अन्तर्वार्तामा भने, 'अवामी लिगविना बंगलादेशमा प्रजातन्त्र स्थापना गर्न सकिँदैन । कमसेकम देशका आधा जनताले यसलाई कहिल्यै स्वीकार गर्ने छैनन् ।' *रासस/एएफपी*

# एकै दिनमा सयौं आप्रवासी बेलायत प्रवेश

**लण्डन-** प्रधानमन्त्री केइर स्टार्मरले सत्ता सम्हालेपछि पहिलोपटक आइतबार साना डुंगामा चढी एकै दिनमा ७०० भन्दा बढी आप्रवासीले 'इंलिस च्यानल' पार गरी बेलायती भूमिमा अवतरण गरेका छन् ।

साना डुंगामा च्यानल पार गर्नुलाई अत्यधिक जोखिमपूर्ण यात्रा मानिन्छ । फ्रान्सेली अधिकारीहरूले यस वर्षको सुरुदेखि नै खतरनाक समुद्री यात्रामा ज्यान गुमाउनेको संख्या २५ पुगेको बताएका छन् ।

गृह मन्त्रालयले सोमबार सार्वजनिक गरेको तथ्यांकअनुसार आइतबार ११ वटा डुंगामा ७०३ जना आएका छन् । जुलाईमा भएको बेलायतको आमचुनावमा साना डुंगा आगमन रोक्नु एउटा प्रमुख एजेन्डा थियो । सत्ता सम्हालेको केही दिनमै स्टार्मरले आप्रवासीहरूलाई रुवान्डा पठाउने विवादास्पद योजना खारेज गरेका थिए । यो योजना पछिल्लो कन्जरभेटिभ सरकारको फ्ल्यागसिप नीति थियो ।

यसको साटो स्टार्मरले क्रसिङलाई व्यवस्थित गर्ने र प्रत्येक आप्रवासीले हजारौं युरो भुक्तानी गर्ने मानव तस्करी गिरोहलाई ध्वस्त पार्ने वाचा गरेका छन् । जुलाई २९ मा तीन जना बालबालिकाको ज्यान जानेगरी भएको छुरा प्रहार र एक मुस्लिम आप्रवासीसँग आक्रमणकारी सामाजिक सञ्जालमा गैरकानुनी तरिकाले जोडिएको घटनापछि बेलायतमा आप्रवासी विरोधी अशान्ति बढेको समय पछिल्लो तथ्यांक सार्वजनिक भएको हो ।

आप्रवासनसँग सम्बन्धित मस्जिद र होटललाई लक्षित गरी गरिएको दंगाको विरोधमा शनिबार बेलायतभर हजारौं रंगभेद विरोधी प्रदर्शनकारीले र्‍याली निकालेका छन् । स्टार्मर र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले गैरकानुनी आप्रवासीको संख्यामा भएको वृद्धिलाई नियन्त्रण गर्न 'सहकार्य' लाई मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

सीमा पार गर्ने व्यक्तिको पछिल्लो संख्यासँगै सन् २०२४ को सुरुदेखि च्यानल पार गरी बेलायततर्फ जाने आप्रबासीको संख्या १८ हजार ३४२ पुगेको छ । यो गत वर्षको सोही समयको तुलनामा १३ प्रतिशतले बढी हो । *रासस/एएफपी*

# थाइल्याण्डका प्रधानमन्त्री श्रेथाको पद जोखिममा

**बैंकक-** फौजदारी अभियोग लागेका व्यक्तिलाई मन्त्री नियुक्त गर्ने निर्णयबारे यसै हप्ता आउने थाइल्याण्डको संवैधानिक अदालतको फैसलापछि प्रधानमन्त्री श्रेथा थाभिसिन पदमा रहन नसक्ने सम्भावना बढेको छ ।

यही अदालतले राज्यको प्रमुख प्रतिपक्षी दललाई विघटन गरी पार्टीका पूर्वनेता पिता लिम्जारोएनरातलाई एक दशकका लागि राजनीतिमा प्रतिबन्ध लगाएको एक सातापछि यो मुद्दाबारे फैसला आउन लागेको हो । पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राको परिवारसँग निकट रहेका वकिल पिचित चुएनबानलाई मन्त्रीमा नियुक्त गरेका कारण श्रेथामाथि नैतिकताको नियम उल्लंघन गरेको आरोप लागेको हो ।

पिचितलाई सन् २००८ मा भ्रष्टाचारसम्बन्धी कसुरमा छ महिनाको जेल सजाय सुनाइएको थियो । पिचितको नियुक्ति विवादित बनेपछि यसबाट प्रधानमन्त्री श्रेथालाई कुनै असर नपरोस् भनी उनले आफ्नो भूमिकाबाट राजीनामा दिइसकेका छन् । तर संवैधानिक अदालतले अझै पनि सेनाद्वारा नियुक्त सिनेटरहरूको उजुरीको आधारमा सुरु भएको मुद्दाको सुनुवाइ गर्न सहमत भएको छ ।

बहुदलीय गठबन्धन सरकारको नेतृत्व गरिरहेको फेउ थाई पार्टीका श्रेताले पिचितको मुद्दामा थप अनुसन्धान भइसकेको बताएका छन् । स्थानीय सञ्चारमाध्यमका अनुसार प्रधानमन्त्री श्रेथा आफू पदमै रहेमा मन्त्रीमण्डल पुनर्गठनको सम्भावना रहेको बताएका छन् ।

यदि उनलाई पदबाट हटाइयो भने फेउ थाईले प्रधानमन्त्रीका लागि नयाँ उम्मेदवार मनोनयन गर्नुपर्ने छ । संवैधानिक अदालतले यसअघि पनि प्रधानमन्त्रीहरूलाई बर्खास्त गरिसकेको छ तर विश्लेषक थितिनान पोङसुधिराकले प्रधानमन्त्रीलाई पदच्युत गर्ने अपेक्षा आफूले नगरेको बताएका छन् ।

'मलाई लाग्छ उहाँ कारबाहीबाट जोगिनुहुने छ किनभने उहाँको विकल्प सहज छैन,' पोङसुधिराकले भने, 'उहाँले पनि केही गलत गर्नुभएको छैन र मिहेनती पनि हुनुहुन्छ ।'

गत वर्ष राजनीतिमा प्रवेश गरेका रियल इस्टेट डेभलपर श्रेथाले आफू सत्तामा आएदेखि नै उनको नीतिको महत्त्वपूर्ण विरोधको सामना गर्नुपरेको छ । जुनमा भएको सर्वेक्षणले अधिकांश थाईहरूले उनको एजेन्डालाई अस्वीकार गरेको देखाएको छ ।

उनले लेस्बियन, समलिंगी, उभयंगी वा ट्रान्सजेन्डर भएका व्यक्ति (एलजिबिटिक्यू) समुदायको वर्षौंको वकालतपछि जूनमा लागू गरिएको विवाह समानताका लागि पक्षमा समर्थन गर्ने प्रतीज्ञा गरेका थिए ।

भाङलाई पुनः अपराधीकरण गर्ने र चार करोडभन्दा बढी थाईहरूलाई १० हजार भाट (२८० अमेरिकी डलर) वितरण गर्ने उनको प्रस्तावले राष्ट्रियस्तर र उनको गठबन्धन दुवैमा विवाद निम्त्याएको छ ।

पितालगायत आलोचकहरूले 'राजनीतिक दललाई ध्वस्त पार्ने हतियारको रूपमा गरिएको राजनीतिकरणमा अदालत' को प्रयोग नगर्न चेतावनी दिइरहेका बेला यो मुद्दा आएको हो । युरोपेली संघ, संयुक्त राज्य अमेरिका, संयुक्त राष्ट्रसंघ र मानवअधिकार समूहहरूले पिताको मुभ फरवार्ड पार्टी (एमएफपी) विघटन गर्ने अदालतको निर्णयको निन्दा गरेका छन् । एमएफपीका बाँकी सदस्यहरूले सन् २०२७ मा हुने अर्को राष्ट्रिय निर्वाचनमा परिवर्तन ल्याउने महत्त्वाकांक्षाका साथ शुक्रबार 'द पिपुल्स पार्टी' नामक नयाँ अभियान सुरु गरेका छन् । सन् १९३२ मा निरंकुश राजतन्त्रको अन्त्य भएयता थाइल्यान्डले दशकौंदेखि राजनीतिक अस्थिरताको सामना गर्दै आएको छ । *रासस/एएफपी*


**राजापुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राजापुर बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०४/२९**

उपरोक्त सम्बन्धमा तपसिलको निर्माण कार्य गर्न गराउन यस कार्यालयबाट प्रकाशित सुचना अनुसार कार्यालयमा रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये कार्यालयको निर्णय अनुसार तपसिल बमोजिम बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही ठहरिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा १ र २ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने बोलपत्र स्विकृती गर्ने आशय सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं. | कामको नाम | छनौट गरिएको बोलपत्रदाता | कबोल अङ्क (मु.अ.कर र पि.एस.) सहित |
|---|---|---|---|---|
| १ | 25/RM/SQ/GOODS/P/2080/081 | श्री लुम्बिनी इन्जिनियरिङ्ग वोर्कस बुटवल औधोगिक क्षेत्र बुटवल नेपाल | कुनिया कमोनि ट्रष्ट पुल निर्माण (वडा नं. ६ र १० जोडने) | १६,४४,३३६।७२ |

***प्रमुख प्रशासकीय अधिकृत***



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४८७०० | प्रति तोला - - | प्रति तोला - १७१५ |

# नेप्सेमा ऐतिहासिक कारोबार

## २७ अर्बको कारोबार हुँदा ७० अंकले बढ्यो नेप्से

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा हालसम्मकै उच्च रकमको कारोबार भएको छ । यो सातामा कारोबारको पहिलो दिन आइतबार हालसम्मको धेरै रु २५ अर्ब ७७ करोड माथिको कारोबार भएकोमा सेयर बजारमा सोमबार त्योभन्दा बढी रकमको कारोबार भएको हो । निरन्तर उच्च अंकको उकालो देखिएको नेप्से परिसूचकमा सोमबारको कारोबार रु २७ अर्ब नाघेको छ ।

नेप्से परिसूचक सोमबार ७० दशमलव ८१ अंकले बढेर दुई हजार नौ सय ३१ दशमलव ६५ को बिन्दुमा कायम भएको छ । यो दुई दशमलव ४७ प्रतिशतको वृद्धि हो । तीन सय ३९ कम्पनीको ६ करोड ४८ लाख ७६ हजार दुई सय १७ कित्ता सेयर दुई लाख ८३ हजार ४७ पटक खरिदबिक्री हुँदा रु २७ अर्ब २४ करोड २० लाख ३४ हजार सात सय ६५ बराबरको कारोबार भएको छ ।

कुल बजार पुँजीकरण रु ४६ खर्ब ५३ अर्ब ४३ करोड ४९ लाख ८३ हजार तीन सय पुगेको छ। लगानी समूह शून्य दशमलव १९ र उत्पादन तथा प्रशोधन समूह एक दशमलव १९ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै जीवन बीमा समूह पाँच दजशमलव ८५ र वित्त समूह चार दशमलव ८१ प्रतिशतले बढेको छ। कारोबारमा सातवटा कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड, जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड, स्वेतगङ्गा हाइड्रोपावर एन्ड कन्स्ट्रक्सन लिमिटेड, शुभम् पावर लिमिटेड र भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडको सेयर मूल्य १० प्रतिशतले बढेको छ ।

कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ। कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु एक अर्ब २२ करोड ८० लाख ७२ हजार चार सय तीन बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर सफ्याका आधारमा भने नविल ब्यालेन्स फन्ड-२ को रु २६ लाख ६९ हजार तीन सय ५० बराबरको कारोबार भएको छ ।

# परिणाम दिन नसक्नेले जिम्मेवारी छाड्नुपर्छ : उद्योगमन्त्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई भरपर्दो र विश्वासिलो संस्थाका रूपमा विकास गरिनुपर्ने बताएका छन् ।

कम्पनीको सोमबार आयोजित पाँचौ वार्षिकोत्सव समारोहमा मन्त्री भण्डारीले खाद्य व्यापार कम्पनीलाई जनउत्तरदायी संस्था बनाउन सबैको ध्यान जानुपर्ने बताए । सरकार र मातहतका निकायमाथि उठेका प्रश्नको जवाफ सकारात्मक नतिजाबाट दिनुपर्नेमा जोड दिँदै उनले परिणाम दिन नसक्नेले जिम्मेवारी छाड्नुपर्ने बताए ।

'खाद्य वस्तु उपलब्धताको अभाव भएका स्थानमा कम्पनीले प्राथमिकताका साथ सेवा दिनुपर्छ', मन्त्री भण्डारीले प्रश्न गरे, 'कम्पनीले बजारमा सकारात्मक हस्तक्षेप गर्न किन सकिरहेको छैन रु किन कार्य क्षेत्र विस्तार गर्न सकिएन ?' उनले परम्परागत रूपबाट कम्पनी चल्न नसक्ने जनाउँदै व्यावसायिक कार्ययोजना बनाउन सचेत गराए ।

देशका प्रमुख स्थानमा पर्याप्त भौतिक सम्पत्ति र पुँजी तथा यथोचित जनशक्ति हुँदा पनि व्यापार र कार्यक्षेत्र बढ्न नसक्नुमा कमजोरी भएको औँल्याउँदै मन्त्री भण्डारीले कम्पनीलाई सुदृढ बनाएर लैजान व्यवस्थापन र कर्मचारीलाई निर्देशन दिए । 'अब जग्गा बिक्री गरेर तलब सुविधा खाने प्रवृत्ति त्याग्नुपर्छ', उनले भने, 'देशका प्रमुख सरहमा ठूला बिक्री कक्ष राखेर व्यापार अभिवृद्धि गर्नुपर्छ ।'

कम्पनी सञ्चालक समितिका अध्यक्ष एवं वाणिज्य सचिव मधुसूदन बुर्लाकोटीले व्यवस्थापन र कर्मचारीको संयुक्त प्रयासबाट मात्रै संस्था समृद्ध हुने भएकाले एकताबद्ध भएर काम गर्नुपर्ने बताए ।

कम्पनीका निमित्त प्रमुख कार्यकारी अधिकृत डिल्लीराज लम्सालले गत आर्थिक वर्षमा दुर्गम तथा सुगम जिल्लामा २९ हजार छ सय २३ मेट्रिक टन खाद्यन्न ढुवानी गरी वितरण गरिएको जानकारी दिए । रैथाने बाली संरक्षण र संवर्द्धनका लागि हालसम्म नौ स्थानीय तहसँग उत्पादन खरिदबिक्री सम्झौता गरिएको जानकारी दिँदै उनले कर्णाली प्रदेश सरकारको सहयोगमा रैथाने बाली प्रशोधन, प्याकिङ र मार्किङ गर्न मिलको स्थापना गरिएको बताए । कम्पनीले दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि नियन्त्रण गर्न देशभरका ४३ जिल्लाका ४९ स्थानमा सुपथ मूल्य पसल सञ्चालन गरी तीन हजार तीन सय ४५ मेट्रिक टन खाद्यान्न बिक्री गरेको उनको भनाइ छ । समारोहमा उत्कृष्ट घोषित कर्मचारीलाई सम्मान गरिएको थियो ।

# कर्पोरेट

## नबिल बैंकको फेलोसिपमा आवेदन खुल्यो




**काठमाडौं (प्रस)–** नबिल बैंकले नबिल स्कुल अफ सोसल इन्टरप्रेनरसिप फेलोसिप कार्यक्रमको चौथो ब्याच २०२४ का लागि आवेदन आह्वान गरेको छ । तेस्रो ब्याचको सफलतापछि बैंकले चौथो ब्याचको कार्यक्रमका लागि आवेदन माग गरेको हो । सामाजिक परिवर्तनका लागि नवीनतम सोच भएका १८ वर्षभन्दा माथिका नेपाली नागरिकले २०८१ साल भदौ १४ गतेसम्म आवेदन दिन सक्नेछन् ।

बैंकले कृषि, पर्यटन, ऊर्जा, वातावरण संरक्षण, र सूचना प्रविधि लगायत कुनै पनि क्षेत्रमा नवीनतम सोच भएका र उद्यम गर्न चाहिने सीप तथा तालिमको खोजीमा रहेका उद्यमीहरूका लागि निशुल्क तालिमको लागि आवेदन खुला गरेको हो । इच्छुक व्यक्तिहरूले नबिल बैंकको वेबसाइटमा उपलब्ध फारम भरेर वा क्युआर कोड स्क्यान गरेर आवेदन दिन सक्ने बैंकले जनाएको छ । यो कार्यक्रम बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालन भइरहेको छ ।

यो कार्यक्रम नबिल बैंक र त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायअन्तर्गतको स्कुल अफ म्यानेजमेन्टको सहकार्यमा ६ महिनासम्म चल्नेछ । आवासीय र प्रयोगात्मक ढाँचामा सञ्चालन हुने यस कार्यक्रममा सहभागीहरूले सामाजिक उद्यमको सम्पूर्ण व्यावसायिक चक्रमा आवश्यक तालिम प्राप्त गर्नेछन् । तालिमपछि, उनीहरूले आफ्नो उद्यमको प्रकृतिअनुसार विज्ञहरूको सहयोगमा व्यावहारिक चुनौतीहरूको समाधानका लागि आवश्यक सहयोग प्राप्त गर्नेछन् । यसले दीर्घकालीन सफलता प्राप्त गर्न मद्दत गर्ने बैंकले विश्वास लिएको छ ।

## हुन्डाईको 'टेस्ट ड्राइभ एण्ड विन' अभियान




**काठमाडौं (प्रस)–** हुन्डाई गाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले हुन्डाई टेस्ट ड्राइभ एण्ड वीन क्याम्पेन ल्याएको छ जस अन्तर्गत ग्राहकहरूले हुन्डाईको नेपालभरि रहेका कुनै पनि सोरुममा गई हुन्डाई गाडी को लाइनअपहरू मध्यबाट भर्खरै लन्च गरिएको नयाँ हुन्डाई क्रेटा र मेड इन नेपाल हुन्डाई भेन्यु टेस्ट ड्राइभ गर्न सकिनेछ ।

प्रत्येक टेस्ट ड्राइभमा सहभागीहरूलाई हात खाली नहुने गरी आकर्षक उपहारहरू राखिएको छ भने साप्ताहिक विजेताहरूले माइक्रोवेभ ओभन र बम्पर बिजेताले रेफ्रिजरेटर प्राप्त गर्नेछन् । यो क्याम्पेन दुई साता चल्ने कम्पनी ले जानकारी दिएको छ ।

नयाँ हुन्डाई क्रेटा हालै अगस्त ६ मा सार्वजनिक गरिएको थियो। लक्ष्मी हुन्डाईले नेपालमा २०१५ देखि क्रेटा बिक्री गर्न सुरु गरेको थियो । यसको आकर्षक डिजाइन, उत्कृष्ट प्रदर्शन, सबै प्रकारका भूभागमा सहज चल्न सक्ने क्षमता, प्राय हरेक उमेरका ग्राहकवर्गलाई सुहाउने भएकोले धेरै को रोजाइ र यात्रा को साथी बन्न मिड साइज एसयूभी सेगमेन्टमा क्रेटा सफल हुँदै एसयूभी सेगमेन्टमा आफ्नो प्रभावकारी स्थान बनाउन सफल भएको छ । प्रारम्भिक मूल्य ५५,९६,००० रूपैयाँ पर्ने नयाँ क्रेटा विभिन्न भेरियन्टहरूमा उपलब्ध छ र यसमा ६ वर्षको निःशुल्क सर्भिसिङ र ३ वर्षको वारेन्टी पाइन्छ ।

त्यसैगरी, लक्ष्मी इन्टरकन्टिनेन्टलको भगिनी संस्था लक्ष्मी मोटर कर्पोरेशन मार्फत नेपालमै निर्माण गरिएको मेड इन नेपाल भेन्युको पहिलो रोलआउट मे १०, २०२४ मा भएको थियो । यसको बनावट, गुणस्तर, पर्फमेन्स लगायतका गुणहरू हुन्डाई मोटर कम्पनी, कोरिया वा भारतमा बन्ने सोही मोडलका गाडिहरू सरह कै हुने कम्पनीले दाबी गरेको छ। मेड इन नेपाल हुन्डाई भेन्यु १.२ को मूल्य ४४,९६,००० र भेन्यु १.२ को मूल्य ५३,५६,००० कायम गरिएको छ। मेड इन नेपाल हुन्डाई भेन्यु मा १० वर्षको निःशुल्क सर्भिसिङ र ३ वर्षको वारेन्टी पाइन्छ ।

श्रावन २८ गते बाट सुरु हुने यस क्याम्पेनमा नेपालभरका इच्छुक महानुभावले आफ्नो ड्राइभिंग लाइसेन्स लिएर आधिकारिक हुन्डाई सोरुममा गई सहभागी हुन सक्नेछन् ।

## मुक्तिनाथ बैंक र महिला उद्यमी महासंघबीच सम्झौता




**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक र महिला उद्यमी महासंघ नेपालबीच महासंघसँग आवद्ध घरेलु तथा साना उद्योगहरूलाई सहज र सुलभ तरिकाबाट कर्जा प्रवाह गरी यस क्षेत्रको आर्थिक विकास एवं वित्तीय तथा व्यवसायिक शिक्षामा योगदान पुऱ्याउने उद्देश्य सहित सम्झौता भएको छ। एक कार्यक्रम बीच उक्त सम्झौतामा बैंकको तर्फबाट बैंकका सहायक नायब प्रमूख कार्यकारी अधिकृत तिल बहादुर गुरुङ्ग र महासंघको तर्फबाट महासंघका अध्यक्ष शोभा ज्ञवालीले हस्ताक्षर गरेका थिए ।

उक्त सम्झौता बमोजिम अगामी दिनमा महासंघका ६७ जिल्ला च्याप्टरमा आवद्ध घरेलु तथा साना उद्योगीहरूलाई बैंकले व्यवसाय तथा त्यसको सम्भाव्यतालाई मुख्य आधार मानी सरल र सहज तरिकाबाट सर्वसुलभ व्याजदरमा कर्जा लगानी गर्ने र उद्यमीको विकासको लागि वित्तीय र व्यवसायिक साक्षारताको लागि सहकार्य गर्ने छ । महासंघ अध्यक्ष ज्ञवालीले खुशी व्यक्त गर्दै यस सम्झौता भएपछि महासंघसँग आवद्ध महिला उद्यमीहरूलाई आर्थिक विकास गर्न र व्यवसायिक तथा वित्तीय साक्षारताको क्षेत्रमा थप टेवा पुग्ने कुरामा विश्वास व्यक्त गरिन् ।

## महालक्ष्मी विकास बैंक र अरेत इन्टरनेसनलबीच सम्झौता




**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंक मार्फत टेस्ला, अडी तथा पोर्श जस्ता लक्जरी ब्रान्डका गाडी खरिदको लागि ९.९९ प्रतिशतमै कर्जा प्रदान गर्ने समझदारी पत्रमा बैंक र नेपालका लागि टेस्ला, अडी तथा पोर्श गाडीको आधिकारिक आयातकर्ता/डिलर अरेत इन्टरनेसनल प्रा.लि. बीच एक समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

सम्झौता अनुसार टेस्ला, अडी तथा पोर्श जस्ता लक्जरी ब्रान्डका गाडी खरिद गर्न इच्छुक ग्राहकहरूले महालक्ष्मी विकास बैंकमा ९.९९ प्रतिशतमै कर्जा पाउनेछन् । विद्युतीय गाडीको हकमा अधिकतम ५ वर्ष अवधी रहने गरी भ्याट बिल वा कोटेशन मुल्यको ८० प्रतिशत, जुन कम हुन्छ, सो बराबरको कर्जा र विद्युतीय बाहेकको अन्य गाडीमा अधिकतम ८ वर्ष अवधी रहने गरी भ्याट बिल वा कोटेशन मुल्यको ५० प्रतिशत जुन कम हुन्छ, सो बराबरको कर्जा बैंकले प्रदान गर्नेछ ।

कर्जा लिन चाहने ग्राहकहरूले बैंकको आधिकारिक वेबसाइट, सामाजिक सञ्जालहरू, सम्पुर्ण शाखा कार्यालयहरू तथा पत्रपत्रिकामा रहेको क्युआर कोड स्क्यान गरेर समेत आवेदन दिन सक्नेछन् ।

# कुवेतमा पुनःउडान गर्दै हिमालयन एयर

**काठमाडौं (प्रस)–** हिमालय एयरलाइन्सले आगामी भदौ ४ गतेदेखि कुवेतमा सिधा उडान पुनःसुरु गर्ने भएको छ । कुवेतमा कार्यरत र बसोबास गर्ने नेपालीको मागलाई सम्बोधन गर्दै एयरलाइन्सले आफ्नो सिधा उडान पुनःसञ्चालन गर्न लागेको हो ।

यसअघि एयरलाइन्सले सन् २०२२ को १५ जुलाईमा कुवेतमा उडान भर्न सुरु गरेको भए पनि बीचमा प्राविधिक कारण देखाई स्थगन गरेको थियो ।

काठमाडौं-कुवेत-काठमाडौंमा पुनःसुरु गरिएको उडानले पर्यटन र व्यापारलाई प्रवर्द्धन गर्ने उद्देश्यलाई प्रोत्साहन गर्ने एयरलाइन्सले विश्वास लिएको छ। एयरलाइन्सका लागि कुवेतका लागि जनरल सेल्स एजेन्ट (जिएसए) पार्टनरका रूपमा सिजर्स ट्राभल ग्रुपलाई नियुक्त गरेका छ ।

सुरुआतमा, एयरलाइन्सले काठमाडौं-कुवेत-काठमाडौं हवाईमार्गमा हप्तामा एक उडान सञ्चालन गर्ने र थप मागका आधारमा उडान थप्ने योजना बनाएको एयरलाइन्सले विज्ञप्तिमार्फत जनाएको छ । काठमाडौं-कुवेत उडान राति १२ बजेर ४० मिनेटमा र कुवेत-काठमाडौं उडान बिहान ४ बजेर १५ मिनेटमा उडान भर्नेछ ।

# खाली कन्टेनर नहटाइँदा भन्सारको 'यार्ड' भरिभराउ




**वीरगञ्ज (पर्सा) –** वीरगञ्जको सिर्सियास्थित सुक्खाबन्दगाह भन्सार कार्यालयको 'यार्ड' मा लामो समयसम्म खाली कन्टेनर नहटाइँदा व्यवस्थापनमा चुनौती थपिएको छ । कोभिड-१९ महामारीदेखिका खाली कन्टेनर रोटेसन नहुँदा भन्सार यार्डमा खाली कन्टेनरको चाङ देखिएको छ । सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले बन्दगाहको भन्सार यार्डमा एक हजार पाँच सय ७६ खाली कन्टेनर हुँदा ठाउँ व्यवस्थापनमा समस्या भएको जानकारी दिए ।

'विशेष गरेर कोभिड महामारीको समयमा कार्गो रेलले मालवाहक कन्टेनर छाडेर खाली र्याक रित्तै फर्किंदै गए । त्यही बेलादेखि थुप्रिएको खाली कन्टेनर अहिलेसम्म पनि यथावत रूपमा नै रहेका छन्', उनले भने, 'अहिले मालवाहक कन्टेनर सामान बोकेर आउने गर्छन् । जति सामान बोकेर आउँछन् । त्यत्ति नै खाली कन्टेनर बोकेर जाँदा पहिलाको खाली कन्टेनर यथास्थितिमा रहिरहने प्रवृत्ति देखिएको हो ।' कार्यालयका अनुसार दुई सय कन्टेनरमा भने लिलामी गर्नुपर्ने विभिन्न सामान तथा उपकरण रहेका छन् ।

प्रमुख भन्सार अधिकृत बरुवालले खाली रहेका कन्टेनर लैजानका लागि र्याक खाली भएको कार्गो रेल आउनुपर्ने बताए । 'कार्गो रेलले एकपटकमा कम्तीमा पनि ६० कन्टेनर ओसार्न सक्ने क्षमता रहन्छ', उनले भने, 'यहाँ रहेका खाली कन्टेनर हटाउनका लागि कम्तीमा पनि २० देखि ३० पटक खाली र्याक भएको कन्टेनर ल्याउनुपर्ने हुन्छ । खाली र्याकमात्र ल्याउँदा लागत खर्च धेरै लाग्ने भएकाले पनि व्यवसायी आनाकानी गर्दै आइरहेको देखिन्छ ।'

प्रमुख भन्सार अधिकृत बरुवालले नेपाल इन्टरमोडल यातायात विकास समिति र भारतको प्रिष्टिन भ्याली ड्राइपोर्टलाई खाली भएका कन्टेनर हटाउनका लागि छलफल गर्दै आइरहेको जानकारी दिए । सुक्खा बन्दरगाह भन्सार कार्यालयमा कन्टेनर भरिभराउ देखिए पनि अधिकांश खाली रहेको उनको भनाइ छ । 'बाहिरबाट हेर्दा भन्सार यार्ड भरिभराउजस्तै देखिन्छ । तर, रित्तो कन्टेनरका कारण यार्ड व्यवस्थापनमा पनि समस्या थपिरहेको छ', उनले भने ।

यहाँ विशेषगरी विशाखापट्टानम र कोलकाताबाट धेरै मालवाहक कन्टेनर आउने गर्छन् । सुक्खा बन्दरगाह ५७ बिघा क्षेत्रफलमा अवस्थित छ । यो यस्तो खालको बन्दरगाह हो, जहाँ कार्गो रेलबाट मात्र मालसामान ल्याउने गरिन्छ । यो सन् २००० विश्व बैंकको ऋण सहयोगमा रु ८२ करोड लागतमा निर्माण गरिएको हो । भारत सरकारको २० करोड लागतमा रक्सौलबाट बन्दरगाहसम्म रेल लिंक निर्माण गरिएको हो ।

अहिले सुक्खा बन्दरगाह व्यवस्थापनको काम भने इन्टरमोडल यातायात विकास समितिमार्फत हुँदै आइरहेको छ । नेपाल इन्टरमोडल यातायात विकास समिति र भारतको प्रिष्टिन भ्याली ड्राइपोर्टबीच पाँच वर्षका लागि रु तीन अर्ब ३३ करोडमा ठेक्का सम्झौता भएको छ । प्रिष्टिनले सुक्खा बन्दरगाह सञ्चालन र व्यवस्थापन गरेबापत औसतमा वार्षिक रु ६६ करोड समितिलाई उपलब्ध गराउने गर्छ । *रासस*

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिःःarketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ